का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक २००
- १९ भदौं २०७८, शनिबार
- 4 September 2021, Saturday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला।

# ३५ जिल्लामा वडा अधिवेशन

आगामी मंसिरमा हुने १४औं महाधिवेशन अन्तर्गत शुक्रबार ३५ जिल्लामा नेपाली काँग्रेसको वडा अधिवेशन भएको छ । बाँकी जिल्लाहरुमा अब क्रमश: अधिवेशन हुने काँग्रेसले जनाएको छ ।




*भक्तपुरको सूर्यविनायक नगरपालिका कटुन्जेमा वडा अधिवेशन उद्घाटन गर्दै नेपाली काँग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा । तस्वीर: रोशन सापकोटा*

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १८ भदौं ।

सरकारको नेतृत्व गरिरहेका दल नेपाली काँग्रेसको वडा अधिवेशन शुरु भएको छ। साढे पाँच वर्षभित्र महाधिवेशन गराइसक्नुपर्ने संवैधानिक व्यवस्थाअनुसार, काँग्रेसले वडा अधिवेशन शुरु गरेको हो। आगामी २३ भदौमा काँग्रेस नेतृत्वको कार्यकाल साढे पाँच वर्ष पुग्छ। अत: शुक्रबार वडा अधिवेशन गरेर त्यसलाई तीन महिनासम्म लैजाने कार्यतालिकाअनुसार काँग्रेस १४औं महाधिवेशनमा होमिएको छ।

काँग्रेस केन्द्रीय मूख्यालयका अनुसार, शुक्रबार ३५ जिल्लामा वडा अधिवेशन भएको छ। ५६ जिल्लामा अधिवेशन हुने तालिका भएपनि शुक्रबार ३५ जिल्लामा मात्रै वडा अधिवेशन सम्पन्न भएको छ। निर्वाचन समितिका अनुसार, ताप्लेजुङ, पाँचथर, इलाम, संखुवासभा, तेह्रथुम, भोजपुर, खोटाङ, सोलुखुम्बु, ओखलढुंगा, उदयपुर, दोलखा, सिन्धुली, भक्तपुर, तनहुँ, गोरखा, लमजुङ, कास्की, मनाङ, मुस्ताङ, पर्वत, स्याङ्जा, म्याग्दी, मनाङ, नवलपरासी, रुपन्देही, गुल्मी, अर्घाखाँची, जुम्ला, हुम्ला, जाजरकोट, दैलेख, बझाङ, डोटी, अछाम र कञ्चनपुरमा वडा अधिवेशन भएको छ।

क्रियाशील सदस्यता सार्वजनिक भएको बाँकी २१ जिल्लामा २३ भदौभित्र अधिवेशन हुने काँग्रेसले जनाएको छ। निर्वाचन समितिले दिएको जानकारी अनुसार नुवाकोट, धादिङ, मकवानपुर, ललितपुर, पाल्पा, बागलुङ, सल्यान, मुगु र बैतडीमा २१ भदौमा वडा अधिवेशन हुनेछ। २२ भदौमा प्यूठान, दाङ, कालीकोट र दार्चुलाको अधिवेशन हुनेछ भने २३ भदौमा नवलपुर, रोल्पा र रुकुम पश्चिमको अधिवेशन हुनेछ ।

काँग्रेस प्रवक्ता विश्वप्रकाश शर्माका अनुसार, बाँकी २१ जिल्लाको पनि नामावली क्रमश: प्रकाशित हुँदै जाने र यही २७ भदौको निर्धारित गाउँ/नगरपालिका अधिवेशन अगाडि सबै वडा अधिवेशन सक्ने तयारी छ ।

काँग्रेसको वडा अधिवेशनमा करीब नौ लाख क्रियाशील सदस्यले भाग लिदैछन् । क्रियाशील सदस्यले आफने वडाको वडासमिति र क्षेत्रीय प्रतिनिधिको चयन गर्छन्। वडा अधिवेशनले आफू मध्येबाट सभापति एक, उपसभापति दुई, सचिव दुई र सहसचिव दुईगरी सात पदाधिकारी निर्वाचित गर्ने कांग्रेसको विधानमा व्यवस्था छ। यसबाहेक मतदाता संख्याको अनुपातका आधारमा वडा सदस्य र क्षेत्रीय प्रतिनिधि निर्वाचित हुनेछन् ।

मुलुकभरका सबै छ हजार सात सय ४३ वडामा अधिवेशन सम्पन्न हुँदा ४७ हजार दुई सय एक पदाधिकारी र सदस्य एक लाख २१ हजार ६ सय ८१ निर्वाचित हुने समितिका संयोजक महादेवप्रसाद यादवले बताए। देशभरका वडाबाट एक लाख १४ हजार पाँच सय ७५ क्षेत्रीय प्रतिनिधि निर्वाचित हुनेछन् । महाधिवेशन अन्तर्गत गाउँ/नगर वडा अधिवेशन भदौ १८, गाउँ/नगरपालिका अधिवेशन भदौ २७, प्रदेशसभा क्षेत्रीय अधिवेशन आगामी असोज १ र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज ५ गते तोकिएको छ।

काँग्रेसले एक भन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १०, प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्म र केन्द्रीय महाधिवेशन आगामी मङ्सिर ९ देखि १३ गतेसम्म तय गरेको छ।


अधिक वर्षाको समयमा पानीजन्य प्रकोपको जोखिमबाट बचौं

- बाढी पस्न सक्ने तथा डुबानमा पर्न सक्ने स्थानहरूमा पूर्व सूचना प्रणालीको व्यवस्था गरौं ।
- डुबान हुने क्षेत्रहरूमा पानीको बहाव निकास हुने प्रणाली (नाली, पाइप) चालु अवस्थामा राखौं ।
- बाढी तथा पानीको बहाव बढेको जानकारी दिन साइरन जडान, एसएमएस सामाजिक सञ्जाल तथा आमसञ्चार माध्यमलाई तयारी अवस्थामा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# वामदेवले पनि छोडे एमाले

पूर्वप्रधानमन्त्री झलनाथ खनाल र माधवकुमार नेपाल सहित ठूलो समूहले एमाले छोडेको दुई साता नबित्दै पुराना नेता एवम् पार्टी उपाध्यक्ष वामदेव गौतमले पनि नेकपा एमाले छोडेका छन् ।



**समित श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, १८ भदौ

नेकपा एमालेका उपाध्यक्ष वामदेव गौतमले पनि पार्टी परित्याग गरेका छन्। शुक्रवार पार्टी केन्द्रीय कार्यालयमा गौतमले राजीनामा बुझाएका छन् । गएको ५ पुसमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजित भएपछि राष्ट्रिय एकता अभियान चलाउँदै आएका थिए। तत्कालीन नेकपा विभाजित हुँदा केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्ड-माधवकुमार नेपाल समूहतिर नलागी गौतम अलग बसेका थिए। गौतमले १४ माघमा कार्यकर्ता भेला गरेर एकता अभियान चलाएका थिए ।

२३ फागुनमा नेकपा विघटन भएर नेकपा एमाले र नेकपा माओवादी केन्द्र ब्युतिएपछि पनि गौतमले आफ्नो अभियान छोडेका थिएनन् । एमाले उपाध्यक्षका हैसियतमा एमालेका बैठकहरुमा समेत उनी सहभागी भए । तर आफ्नो प्रस्ताव प्रति अध्यक्ष ओली अनुदार भएको भन्दै असन्तुष्ट थिए । अन्तत: बिहीबार माधव नेपालसँग वार्ता गरी गौतमले शुक्रबार राजीनामा बुझाएका छन्।

"म आफै संलग्न भएर निर्माण भएको नेकपा एमालेमा तपाईकै गलत विचार, प्रवृत्ति बाँकी पृष्ठ २ मा

# वैदेशिक रोजगारीमा जानेलाई स्नातकको पढाइ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ भदौ

विश्व बजारमा नेपाली विद्यार्थीलाई दक्ष बनाइ उच्चस्तरको रोजगारी उपलब्ध गराउने उद्देश्यले विराटनगरमा स्नातक तहको अतिथि सत्कार व्यवस्थापन विषयको कलेज सञ्चालनमा आएको छ। शिक्षा क्षेत्रमा अग्रणी रहेको 'आइएनजी ग्रुप'ले बेलायती विश्वविद्यालयको सम्बन्धनमा 'विराटनगर इन्टरनेशनल कलेज'ले शुक्रबार आयोजना गरेको पत्रकार सम्मेलनमा तीन वर्षे स्नातक तहको 'इन्टरनेशनल हस्पिटालिटी म्यानेजमेण्ट' विषय यस वर्षदेखि सञ्चालनमा ल्याउने जानकारी दिएको छ।

इनोभेट नेपाल ग्रुपको स्वामित्व र व्यवस्थापनमा सञ्चालन हुने कलेजमा अध्ययनरत विद्यार्थीलाई नेपाल तथा विदेशमा तालिम तथा रोजगारीका लागि पठाउन विभिन्न संस्थासंग साझेदारी गरेको ग्रुपपका प्रमुख सुलभ बुढाथोकीले बताए।




कलेजका प्रमुख कार्यकारी अधिकृत ऋषिकेश वाग्लेले नौलो विषयमा अध्ययन गर्ने गरी उत्पादन हुने विद्यार्थी विश्वका जुनसुकै देशमा रोजगारी प्राप्त गर्न सक्षम हुने जानकारी दिए । उक्त कलेज यसअघि मेरिल्याण्ड कलेज रहेकोमा अहिले इन्टरशेनल कलेजको पूर्ण स्वामित्वमा आएको कलेजका विकास दाहालले जानकारी दिए।

ग्रुपबाट सञ्चालित कलेजबाट अहिलेसम्म ४ सय विद्यार्थी दीक्षित भएका छन् । त्यस्तै ४ सय अध्ययन गरेका र ९५ प्रतिशत विद्यार्थी नेपाल तथा विभिन्न देशमा रोजगाररत छन् । ग्रुपले विभिन्न सूचना प्रविधिको क्षेत्रमा काम गर्ने कम्पनी तथा अनलाइन लर्निङको 'माई सेकेण्ड टिचर' समेत सञ्चालन गरिरहेको छ ।

## वैदेशिक रोजगार विशेष

### मलेसियामा कोरोनाबाट ज्यान गुमाउने नेपालीको संख्यामा वृद्धि

**प्रकाश भुसाल/मध्यान्ह**
मलेसिया, १८ भदौ

मलेसियामा केही महिनायता बढेको कोरोना भाइरस (कोभिड-१९) संक्रमणले ज्यान गुमाउने नेपालीको संख्यामा पनि वृद्धि भएको छ । गत महिना १ सय १२ जना नेपाली कामदारको मृत्यु भएकोमा ९६ नेपालीको ज्यान कोरोना संक्रमणका कारण नेपाली दूतावास मलेसियाले जनाएको छ।

दूतावासका अनुसार अन्य १६ जनाको मृत्यु हृदयघात, सवारी दुर्घटना, अत्याधिक मदिरा सेवन लगायत विभिन्न कारण भएको छ। दूतावासका द्वितीय सचिव तथा सूचना प्रमुख प्रतिक कार्कीले मलेसियामा कोरोना भाइरसविरुद्धको खोप नि:शुल्क रहेका कारण वैदेशिक रोजगारीमा रहेका सबै नेपालीलाई सक्रियतापूर्वक खोप लगाउन आग्रह गरिएको बताए।

द्वितीय सचिव कार्कीले 'माईसेजाहतेरा' एप्स मार्फत अपोइन्टमेन्ट बाँकी पृष्ठ २ मा

# सक्रिय प्रदेश मिनी संसद्

वीरेन्द्रनगर/रासस- 'मिनी संसद्' भनिने कर्णालीका संसदीय समितिले सक्रियता बढाएका छन् । समितिले आफ्नो कार्यक्षेत्रमा रहेर समितिमा आएका विधेयक माथिको छलफल, प्रदेश सरकारका कामको अनुगमन तथा आवश्यक निर्देशन दिने गरेका छन् । अहिले प्रदेशसभाको आठौं अधिवेशन अन्त्य भएको एक महिना भइसकेको छ ।

नवौं अधिवेशनको तयारी गरिएको छैन । बैठक नभएको समयलाई सदुपयोग गर्दै यसबीचमा संसदीय समिति निरन्तर क्रियाशील देखिन्छन् । प्रदेशसभामा चार संसदीय समिति छन् । यीमध्ये सबैभन्दा बढी सामाजिक विकास समितिले क्रियाशीलता देखाएको छ ।

उक्त समितिका हालसम्म ९२ बैठक बसेर विभिन्न निर्णय गरेको समितिका सभापति देवी वलीले बताइन् । गत आर्थिक वर्षमा मात्र समितिका १६ बैठक सम्पन्न भएका थिए । आठौं अधिवेशन अन्त्यपछि समितिले दुई बैठक गरिसकेको छ ।

उक्त समितिले सार्वजनिक विषय, सामाजिक अभियान र सचेतनामूलक कार्यक्रम सरकारका कामकारवाहीको अनुगमनमा सक्रियता देखाको छ । समितिले कोभिडका समयमा नागरिकको स्वास्थ्यलाई ध्यान दिनुका साथै विभिन्न सामग्री खरिदका विषयमा पनि चासो देखाएको थियो ।

समितिको दुई साताअघिको बैठकले सुर्खेतका बाढीपीडितको अवस्था बुझ्न स्थलगत अनुगमन गर्ने निर्णय गरेको छ । सात वर्षदेखि त्रिपालमै बस्न बाध्य उनीहरूको अवस्थाबारे जानकारी लिएर सरकारलाई कार्यक्रम बनाउन सुझाव दिने उद्देश्यले विस्थापित शिविरको अनुगमन गर्ने तयारीमा रहेको समितिका सभापति वलीले बताइन् ।

यसैगरी सिमान्तकृत समुदायको उत्थानका लागि पनि पटकपटक सरकारलाई सुझाव दिएको उनले बताइन् । "हामीले बादी, राउटेजस्ता सिमान्तकृत समुदायसँग सरकारले गरेको सम्झौताका विषयमा अनुगमन गरेका थियो" उनले भनिन्, "उनीहरुसँग गरेको सम्झौता सरकारले कार्यान्वयन नगरेको पाएपछि सरकारलाई तत्काल सम्झौता कार्यान्वयन गर्न सुझाव दिएका छौं ।"

समितिको पछिल्लो बैठकले कोभिड-१९ को सम्भावित तेस्रो लहरको प्रतिकार्यको पूर्वतयारी गर्न र सबै नागरिकलाई खोपको सुनिश्चितताका लागि सरकारलाई अनुरोध गर्ने निर्णय गरेको छ । "कोभिडको दोस्रो लहरका बेलामा पनि हामीले सरकारलाई खबरदारी गरेका थियौं" उनले भनिन्, "अब तेस्रो लहरमा पनि सतर्कता रहन सुझाव दिनुका साथै कर्णालीवासीलाई कोभिडविरुद्धको बाँकी पृष्ठ २ मा

# बाल विवाह न्यूनीकरण गर्न सरोकारवालाहरुसँग संवाद

पवन जायसवाल/मध्यान्ह
बाँके, १८ भदौ



बाल विवाह न्यूनीकरणका लागि बाँकेको नेपालगन्जमा सरोकारवालाहरु सँगको संवाद भाद्र १८ गते शुक्रबार सम्पन्न भएको छ । सामाजिक सचेतन सरोकार मञ्च (स्याक) नेपाल, बाँकेको आयोजना तथा प्लान इन्टरनेशनल नेपाल क्षेत्रीय कार्यालय सुर्खेतको सहयोग र जिल्ला प्रहरी कार्यालय बाँकेको समन्वयमा वडा स्तरमा सोको बारेमा सचेतनात्मक सहजीकरण गरिएको छ ।

बाल विवाह रोकथाम परियोजना अन्तर्गत गरिएको कार्यक्रममा बाँकेको ५ वटा पालिकाहरुबाट वडा अध्यक्ष तथा प्रहरी प्रमुख लगायत ३५ जनाको उपस्थित रहेको थियो । जानकी गाउँपालिका वडा नं.४ का वडाअध्यक्ष विश्राम वर्मा, खजुरा गाउँपालिका वडा नं.-३ का वडा अध्यक्ष अध्यक्ष कन्तुराम गौतम, नेपालगन्ज उप-महानगरपालिका वडा नं. ७ वडा अध्यक्ष जुमन खाँ, नेपालगन्ज वडा नं.-२२ का वडा अध्यक्ष विद्याराम वर्मा, नेपालगन्ज वडा नं.-१० का वडा अध्यक्ष विन्दुभूषण बस्नेत, वडा नं.-२ का वडा अध्यक्ष सुरेन्द्रसिंह हमाल, वडा नं.-१२ वडा अध्यक्ष बुद्धिसगर सुवेदी, नरैनापुर गाउँपालिका, डुडुवा गाउँपालिका, बाल क्लब, युवा क्लब लगायत सहभागी थिए । उक्त कार्यक्रममा बोल्दै नेपालगन्ज उपमहानगरपालिका वडा नं.-७ का वडा अध्यक्ष जुमन खाँ अहिले बाँकेमा ८० प्रतिशत बाल विवाह कम भएको छ । कहिले कही कानुनमा नगएर व्यवहारिक रुपमा जानुपर्छ जुम्मन खाँले बताए । समुदायमा जनचेतना फैलाउने ८० प्रतिशत भइसकेको वडा अध्यक्ष जुम्मन खाँले जानकारी दिए ।

सूचनाको आधारमा कारवाही गर्नुपर्छ र नेपाल प्रहरीले सूचना गोप्यनीयता राख्नुपर्छ अधिवक्ता बसन्त गौतमले बताए । क्षेत्रीय कार्यालयले सुर्खेतकी क्षेत्रीय प्रबन्ध मीना पराजुलीले बाल विवाह रोकथाममा प्रहरीको भूमिका अनिवार्य तथा महत्वपूर्ण रहेकोमा जोड दिएका थिए । बाँके जिल्लामा अहिले सम्म १५ वटा वडाहरु बाल विवाह मुक्त घोषणा भैसकेको जसमा (स्याक) नेपाल, बाँकेको आयोजना तथा प्लान इन्टरनेशनल नेपाल क्षेत्रीय कार्यालय सुर्खेतको सहयोगमा भएको जगदीश थापाले जानकारी गराए । सो कार्यक्रममा स्याक नेपालका अध्यक्ष शिवालाल पाण्डेले समापन गरेका थिए ।

# विद्यार्थीलाई शैक्षिक सामग्री वितरण

देवराज सुवेदी/मध्यान्ह
मेलम्ची, १८ भदौ




सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका -६ तालामाराङ स्थित श्री तेर्से माध्यमिक विद्यालयका सम्पुर्ण विद्यार्थीलाई हेल्प नेपालले स्वास्थ्य तथा शैक्षिक सामग्री वितरण गरेको छ ।

हेलम्बु एजुकेशन लाइभलि हुड पार्टनरसिप नेपाल (हेल्प)को सहयोगमा बाढी बाट प्रभावित तेर्से माध्यमिक विद्यालयका ५ सय ३३ जना विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेको हो । शुक्रबार एक कार्यक्रमको बीच विद्यार्थीहरुलाई शैक्षिक तथा स्वास्थ्य सामग्रीसहित झोला वितरण गरिएको हो । कार्यक्रमका प्रमुख अतिथि मेलम्ची नगरपालिकाका प्रमुख डम्बर अर्यालले भूकम्पले थलापारेको मेलम्चीलाई फेरीपनि बाढीले थलापारेको भन्दै प्राकृतिक प्रकोपको सामना गर्दै अगाडि बढ्नुको विकल्प नभएको बताए । बाढीले विद्यालयमा क्षति पुगेको उल्लेख गर्दै प्रमुख अर्यालले विद्यालय जोगाउनका लागि भएका कामको प्रशंसा गरे ।

शैक्षिक सामग्री वितरण गर्दै हेल्पका अध्यक्ष जिमि लामाले शैक्षिक क्षेत्रमा तेर्से माविले पहिल्यै देखि रचनात्मक र सिर्जनात्मक काम गर्दै आएको बताए । साथी शिक्षक कार्यक्रम देखि विद्यार्थीहरुको शैक्षिक तथा अन्य विषयमा सहयोग गर्दै आएको हेल्प नेपालले आगामी दिनमा पनि सहयोगलाई निरन्तरता दिने अध्यक्ष लामाले बताए । गत असार १ गतेको बाढीपछि विद्यालय संरक्षणका लागि थालिएको अभियानमा पनि हेल्पले सहयोग गरेको भन्दै अहिले गरेको शैक्षिक सामग्रिले विद्यार्थीहरुलाई शैक्षिक उन्नयनका लागि थप टेवा पुग्ने अपेक्षा गरे । हेल्प नेपालले अहिलेसम्म १२ वटा जिल्लाका १८ हजार भन्दा बढी विद्यार्थीको लागि शैक्षिक तथा स्वास्थ्य सामग्रि वितरण गरेको उल्लेख गर्दै शिक्षा क्षेत्रमा गाीरएको कामलाई निरन्तरता दिने हेल्पले जनाएको छ । सोहि कार्यक्रममा विद्यालय ब्यबस्थापन समितिका अध्यक्ष निलबहादुर शाहिले सहयोगि संस्थालाई धन्यवाद दिँदै आगामी दिनमा पनि यस्तै सहयोगको अपेक्षा रहेको बताए ।

उनले यस क्षेत्रमा सबैभन्दा धरै बाढीले तेर्से माविलाई क्षति गरेको उल्लेख गर्दै बाँकि रहेको विद्यालयको भवन जोगाउन गरिएको अहिले सम्मको प्रयास राम्रो रहेको स्मरण गरे । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक कृष्ण ढुंगानाले कोरोना र बाढी बाट त्रसित बालबालिकाहरुलाई विद्यालय नियमित गर्न अझै केहिकेहि समस्या रहेको सुनाए । उनले यस्ताखाले कार्यक्रमले विद्यार्थीको त्रास मेटाउन केहि राहत मिल्ने विस्वास ब्यक्त गरे ।

# सैनिक विशेष अदालतबाट अमल्दार र सिपाहीलाई सफाइ



**काठमाडौं/मस–** चितवनस्थित गणबाट २०७५ पुसमा हतियार हराएको अभियोगमा कैदमा सजाय भोगिरहेका अमल्दार लवकुमार गुरुङ्ग र सिपाही सरोज तामाङ्गले सैनिक विशेष अदालतबाट सफाइ पाएका छन् ।

सैनिक विशेष अदालतमा परेको पुनरावेदनमा भएको सुनुवाइबाट उनीहरु दुवैले सफाइ पाएका हुन ।

अमल्दार गुरुङ र सिपाही तामाङलाई सोही वर्षको चैत १८ गतेबाट गणना हुने गरी तीन वर्ष पदोन्नति रोक्का र साविककै दर्जामा पुनःवहाली गर्ने अदालतबाट भदौ १७ गते भएको फैसला कार्यान्वयनमा गइसकेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

# नेपालमा पहिलो पटक अटिजम विशेष विद्यालय

**चितवन/मस–** भरतपुर महानगरपालिका-१० बालमन्दिर आधारभूत विद्यालयमा अटिजम विशेष विद्यालय स्थापना गरिएको छ । यस विद्यालयमा अटिजम भएका बालबालिकालाई पठनपाठन गराइने छ । विद्यालयको आज एक समारोहबीच उद्घाटन गरिएको हो ।

भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले विद्यालयको उद्घाटन गर्दै नेपालमा नै पहिलो पटक अटिजम विशेष विद्यालय स्थापना गरिएको बताइन् । अटिजम भएका बालबालिकाको अभिभावकले दुःख बेहोर्नु परेको भन्दै उनले यसलाई व्यवस्थित बनाइने जानकारी दिइन् ।

उनले भनिन्, 'अटिजम साँच्चै पीडादायी समस्या हो । यसले घर परिवार आफन्तलाई समेत ठूलो समस्या दिँदै आएको छ ।' यो समस्या केही हदसम्म न्यूनीकरण गर्नका लागि यो विद्यालय स्थापना गरिएको हो ।

कार्यक्रममा उपप्रमुख पार्वती शाह ठकुरीले यो काम जटिल भए पनि प्रत्यक्ष रुपमा बालबालिका लाभान्वित हुने भएकाले आवश्यक सहयोगका लागि सबैसँग अनुरोध गरिन् । सो अवसरमा जिल्ला समन्वय समिति चितवनका उपप्रमुख मुनाकुमारी श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी प्रेमलाल लामिछाने, भरतपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भोजराज खतिवडा, महानगरका प्रवक्ता अरुणपीडित भण्डारी, नेपाल बाल संगठनका अध्यक्ष रविकिरण पौडेल, अटिजम केयर सोसाइटी चितवनका प्रमिला न्यौपाने लगायतले बोलेका थिए ।

महानगरपालिकाको शिक्षा महाशाखा प्रमुख महेन्द्रप्रसाद पौडेलले अटिजम जन्मजात अपाङ्गता भएको भन्दै उमेर विकाससँगै अन्य सीपमा विकास हुन कठिनाइ भएर कुनै पनि क्रियाकलाप दोहोर्‍याउने कार्य यस्ता बालबालिकाले गर्ने बताए । उनीहरु एक्लै बस्न रुचाउने, अर्काले बोलाउँदा राम्रोसँग नबोल्ने जस्ता समस्या हुने गरेको उनले बताए ।

विशेष शिक्षा प्रणालीबाट उनीहरुको पढाइ गर्ने भन्दै उनले नेपालमा नै पहिलो पटक भरतपुर महानगरपालिकाले अभिभावकत्व ग्रहण गरेर विद्यालय सञ्चालनमा ल्याएको बताए । महानगर क्षेत्रभित्र मात्र ४० जना हाराहारी यस्ता बालबालिका हुने अनुमान गरिएको छ । ती बालबालिकालाई दिउँसोको समयमा खाना, पढाइसँगै स्याहारसुसार गरिने छ । विद्यालय सञ्चालनका लागि चालु आर्थिक वर्षमा रु १८ लाख खर्च हुने अनुमान गरिएको छ ।

# साठी लाख जरिवना ठहर भएका व्यक्ति पक्राउ

**काठमाडौं/मस–** नेपाल प्रहरीले रु ६० लाख जरिवाना ठहर भएपछि फरार रहेका एक व्यक्तिलाई पक्राउ गरेको छ ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले बैंकिङ कसूर मुद्दामा उच्च अदालत पाटनले रु ६० लाख जरिवना गरेपछि फरार रहेका इलाम विर्तामोडका ४३ वर्षीय टंकनाथ कट्टेललाई पक्राउ गरेको हो । ब्यूरोका प्रवक्ता एवम् प्रहरी उपरीक्षक श्यामकुमार महतोले उच्च अदालत पाटनको विसं २०७७ माघ ४ गतेको फैसलापछि सात दिन कैद र बिगो बमोजिम रु ६० लाख जरिवनापछि फरार रहेका कट्टेललाई बिहीबार झापाको विर्तामोडबाट पक्राउ गरी आज सार्वजनिक गरेको हो ।

पक्राउ परेका उनले आफ्नो सिभिल बैंकको खातामा पर्याप्त मौज्दात नहुँदा नहुँदै विभिन्न व्यक्तिलाई झुक्यानमा पारी चेक दिएर बैंकिङ कसुरजन्य अपराध गरेका थिए ।

उच्च अदालतले उनलाई बैंकिङ कसूर तथा सजाया ऐन २०६४ को दफा ३ (ग) बमोजिमको कसूरमा दफा १५ (१) बमोजिम उल्लेखित सजाय हुने गरी फैसला सुनाएको थियो ।

## वामदेवले....

र शैलीका कारण यस पार्टीमा रहिरहन असमर्थ भएकोले आजको मितिमा पार्टीको उपाध्यक्ष पद र पार्टीका सबै जिम्मेवारीबाट राजीनामादिएको छु", राजीनामा पत्रमा उल्लेख छ । ओलीले आफूलाई सुधार गर्न नसक्दा नेकपा विघटन भएको, एमालेको एकता नजोगिएको आरोप लगाएका छन् । "तपाईले गर्नु भएको कामहरुलाई पटक-पटक सर्वोच्च अदालतको संवैधानिक इजलासले असंवैधानिक भन्दै खारेज गरेपछि पनि तपाईले आफूलाई सुधार गर्न सक्नुभएन", उनको आरोप छ ।

एमालेले मार्गदर्शक सिद्धान्त मान्दै आएको जनताको बहुदलीय जनवाद (जबज) को पालना नभएको, संविधानको सर्वोच्चता र कानूनी राज्यको सिद्धान्तलाई पालना नगरेको, दुई तिहाइको जनादेश लत्याएर संसद् भंग गरेको लगायत आरोप लगाएका छन् । पूर्व उपप्रधानमन्त्री गौतमले अब नेकपा (एकीकृत समाजवादी) मा जाने तयारी गरेका छन् ।

त्यसका लागि वार्ता समेत निरन्तर गरिरहेका छन् । उनी निकट नेताहरु हरि पराजुली र बलराम थापाले माधव नेपाल निकट नेताहरुसँग सम्वाद गरिरहेका छन् । एमालेको लामो नेतृत्व गरेका नेता एवम् पूर्वप्रधानमन्त्रीहरु झलनाथ खनाल र माधवकुमार नेपालले यसअघि नै एमाले परित्याग गरिसकेका छन् । खनाल र नेपाल सहित ६० केन्द्रीय सदस्य, २६ प्रतिनिधिसभा सदस्य र आठ राष्ट्रियसभा सदस्यले एमाले परित्याग गरेका छन् ।

प्रदेश १ बाट १० जना, प्रदेश २ बाट ११ जना, बागमतीबाट १३ जना, लुम्बिनीमा एक जना, कर्णालीबाट तीन जना र सुदूरपश्चिम प्रदेशबाट १० जना प्रदेशसभा सदस्यहरुले एमाले परित्याग गरिसकेका छन् । बाँकी प्रदेशसभा सदस्यहरुलाई आगामी २२ भदौंसम्मको मिति दिइएको छ । यो मितिभित्र स्थानीय तहका जनप्रतिनिधिहरुलाई पनि दल परित्यागको समय दिइएको छ ।

## मलेसियामा...

लिएर सबै नेपालीले अनिवार्य भ्याक्सिन लगाउन सकिने बताए । मलेसियामा कोरोना भाइरस संक्रमण बढेपछि गत जुनयता निरन्तर लकडाउनको अवस्था रहेको छ ।

## सक्रिय...

खोप सुनिश्चितता गर्न सुझाव दिएका छौं ।"

समितिले सरकारका गतिविधि मात्रै नभई नागरिकका सवाल र सरोकारका विषयमा समेत अनुगमन, छलफल, सुझाव र निर्देशन दिँदै आएको वली बताउँछिन् । समितिले पछिल्ला दिनमा विकास कार्यको अनुगमन गर्नुका साथै विधेयकमाथि छलफल र सुझाव संकलन लगायत कामलाई पनि निरन्तरता दिएको सभापति वलीले बताइन् ।

समितिले हालसम्म प्रदेश सरकारलाई दिएका निर्देशन र सुझावमध्ये करिब ७० प्रतिशत कार्यान्वयन भएको सभापति वलीले बताइन् । "कोरोना महामारीको समयमा दिएका अधिकांश निर्देशन सरकारले कार्यान्वयन गरेको छ" उनले भनिन्, "सामाजिक विषयमा पनि समितिले दिएका निर्देशनलाई सरकारले सकारात्मकरूपमा लिएको पाइएको छ ।" उनका अनुसार, विपन्न परिवारका आयस्तरमा अभिवृद्धि हुने र उनीहरू समाजमा स्थापित हुने वातावरण तयार गर्दै कार्ययोजना बनाउन सरकारलाई निर्देशन दिइएको छ ।

यसैगरी सार्वजनिक लेखा समितिले पनि आफ्नो क्षेत्रभित्रका कार्य सम्पादन गरिरहेको छ । प्रदेशका अन्य विषयगत समिति पनि सक्रिय छन् । संसद् सचिवालयका अनुसार हालसम्म सार्वजनिक लेखा समिति ५८, अर्थ तथा प्राकृतिक स्रोत समिति ७३ र विधायन तथा प्रदेश मामिला समितिको ३७ बैठक बसेको छ ।


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७८/०५/१९

यस कम्पनीको मिति २०७८/०५/०९ मा सम्पन्न विशेष/वार्षिक साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **लर्ड बुद्ध इन्टरनेशनल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि. नं. २५११४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०५/१७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **लर्ड बुद्ध इन्टरनेशनल कन्स्ट्रक्सन प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**कतारमा रोजगार** | कम्पनी : BIG MACHINERY TRADING AND CONTRACTING
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०५/१८    चलानी नं.: ६०१६२४२२    L.T. No.: 244945

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Machine Operator | 10 | 0 | स. काममा दक्ष | 2200 | ६९,५४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २६ गते (11 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**INTERNATIONAL JOB LINK PVT. LTD.**
Govt. Lic. No.: 700/063/064
Bhimsengola-9 old Baneshor, Kathmandu, Tel: 4585541, P.O. Box: 11412,
Email:info@intljoblink.com.np, Website: www.intljoblink.com.np

**कतारमा रोजगार** | १. कम्पनी: SPOT MEDIA ADVERTISING
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०५/०८    चलानी नं.: ६०१६१८३३    LT. No.: 243926    पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २६ गते (11 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । ...

**Link International Placement Service Pvt.ltd.**
Govt. Lic. No.: 821/066/067    ISO 9001 : 2015
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

**साउदीमा रोजगार** | १. कम्पनी: Sama Al-Majd Company for Maintenance and Cleaning
शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०५/१८    चलानी नं.: ६०१६२४०२    L.T. No.:244875

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 8 | 0 | स. काममा दक्ष | 1000 | ३१,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: KON WATER BOTTLING FACTORY    शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०५/१८    चलानी नं.: ६०१६२४००    L.T. No.: 244876

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २६ र २७ गते (11 & 12 Sep. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

... रहेका नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Yatra H.R. Solution Pvt. Ltd.**
Gov. Lic No. 1096/073/074
Gaurighat-7, Kathmandu, Tel: 4114682, 4114683
E-mail: yatrahr2017@gmail.com, Web.: www.yatrahrsolution.com

**साउदी र कतारमा रोजगार** | १. कम्पनी : BUSINESS PLUS FOR MAINTENANCE AND CLEANING EST.
शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०५/१८    चलानी नं.: ६०१६२४१०    LT. No.: 244861

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 5 | 0 | स. काममा दक्ष | 1400 | ४३,५२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : FALCON INTERNATIONAL CORPORATION FOR GENERAL CONTRACTING    शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७८/०५/१८    चलानी नं.: ६०१६२४११    LT. No.: 244672

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Welder | 11 | 0 | स. काममा दक्ष | 2000 | ६२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : VERONA INTERIORS TRADING    शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०५/१८    चलानी नं.: ६०१६२४१८    LT. No.: 244931

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 4 | 0 | स. काममा दक्ष | 1000 | ३१,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी : FUSION OUTSOURCING AND SERVICES    शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०५/१८    चलानी नं.: ६०१६२४१९    LT. No.: 244638

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 10 | 0 | स. काममा दक्ष | 1550 | ४८,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

५. कम्पनी : MARRIOTT MARQUIS CITY CENTER DOHA HOTEL    शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०५/१८    चलानी नं.: ६०१६२४१६    LT. No.: 244761

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४७,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Gen Clean Worker | 5 | 0 | | 1500 | ४७,४१५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २६ गते (11 Sept. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**दि गोर्खा रि-इम्प्लाईमेण्ट प्रा. लि.**
बसुन्धारा टिलिस्टार चौकी पछाडी वी.पी स्मृती हस्पिटल सँगै, काठमाडौं, नेपाल
E-mail: tgurkha2019@gmail.com, फोन: ०१-४५०३०५३, ४५०३०५५
श्रम इजाजत पत्र नं. ७७३/०७८/०७९
"COMPLETE MANPOWER SOLUTIONS"

# जेठ ३० यता बाढी पहिरोबाट ११६ को मृत्यु



**काठमाडौं/मस-** अविरल वर्षाका कारण देशका विभिन्न स्थानमा गएको बाढी, पहिरो र डुबानमा परी गत जेठ ३० यता ११६ जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ५३ पुरुष, ३४ महिला, १३ बालक र १६ बालिका रहेका प्रहरी प्रधान कार्यालयले जनाएको छ। रातिदेखिको भारी वर्षापछि पहिरोमा परेर पर्वतमा मात्रै शुक्रबार ११ जनाको ज्यान गएको छ।

बाढीपहिरो र डुबानमा परी उक्त अवधिमा १३६ जना घाइते भएका छन्। तीमध्ये ६८ पुरुष, ३७ महिला, २० बालक र ११ बालिका रहेका प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक वसन्तबहादु कुँवरले जानकारी दिए। बाढीपहिरोमा परी ४४ बेपत्ता भएका छन्। उनीहरूको खोजीकार्य जारी छ।

बाढीपहिरोमा परेका एक हजार २८९ जनाको विभिन्न ठाउँबाट उद्धार गरी सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ।

बाढीको कारण तीन हजार १८२ घर डुबानमा परेका, ९७८ घर, १६४ गोठ, ६६ पुल, आठ विद्यालय र १५ सरकारी कार्यालयमा क्षति पुगेको छ। एक हजार ३०३ वटा पशु मरेका छन। सो अवधिमा भएका जम्मा एक हजार ३४५ विपद्का घटनाबाट एक हजार २६९ परिवारका छ हजार १११ मानिस विस्थापित भएका छन्।

उक्त घटनाबाट प्रभावित स्थानमा भएको क्षति न्यूनीकरण, उद्धार, जोखिममा रहेका परिवारलाई सुरक्षित स्थानमा राख्ने, पहिरोमा पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने कार्य जारी रहेको प्रहरीले जनाएको छ।

# बालिका यौन दुर्व्यवहार गरेको आरोपमा युवक पक्राउ

**गणेश सिंह धामी/मध्यान्ह**
दार्चुला १८ भदौ

दार्चुलामा बालिका बलात्कारको आरोपमा एक युवक पक्राउ परेका छन्।

पक्राउ पर्नेमा नौगाड गाउँपालिका ४ सिप्टीका स्थानीय २५ का महेशसिंह ठगुन्ना रहेका छन्।

ठगुन्नाले यहि भदौ १५ गते राति मार्मा गाउँपालिका ६ पत्थर काडामा गौरा पर्व हेरेर घर फर्किने क्रममा एक बालिकालाई यौन दुर्व्यहार गरेको आरोपमा लागेको जिल्ला प्रहरी दार्चुलाका सूचना अधिकारी एबं प्रहरी निरीक्षक नरेन्द्र बहादुर चन्दले मध्यान्हलाई बताए।

गौरा हेरेर घर फर्कने बेला ती युवकले मौरेडाडा भन्ने स्थानमा बालिकामाथि बाल यौन दुरुपयोग गरेको पीडित पक्षको आरोप रहेको उनले बताए।

बालिकाका बुबाले पिडकका नाममा शुक्रबार दिएको जाहेरीका आधारमा पक्राउ गरी बाल यौन दुरुपयोग अभियोगमा मुद्दा दर्ता भइ अनुसन्धान थालिएको उनले बताए।

अनुसन्धान गर्न दार्चुला जिल्ला अदालतबाट ५ दिनको म्याद थप गरिएको सुचना अधिकारी चन्दले बताए। आरोप प्रमाणित भए ति युवकलाई तीन वर्ष कैद तथा ३० हजार जरिवाना हुने बताइएको छ।

# बालिकालाई जबरजस्ती करणी गरेको आरोपमा पक्राउ

**सुशीला रेग्मी/मध्यान्ह**
रामपुर (पाल्पा), १८ भदौ

पाल्पाको तिनाउ गाउँपालिका निवासी ११ वर्षीय बालिकालाई जबरजस्ती करणी गरेको आरोपमा एक युवक पक्राउ परेका छन्।

रिब्दिकोट गाउँपालिका ६ बस्ने २५ वर्षीय हरी भन्ने हर्कबहादुर विकलाई जबरजस्ती करणी गरेको आरोपमा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ।

आरोपित युवकले बालिकालाई गत भदौ १५ गते विहान करिब २ वजेको समयमा करणी गरेको सुचना बिहीबार पाए लगत्तै प्रहरीले खोजतलासी गरी युवकलाई पक्राउ गरेको हो।

घटनाबारे आरोपित विकलाई नियन्त्रणमा लिएर अनुसन्धान कार्य जारी रहेको प्रहरीले जनाएको छ।


## भूल सुधार

मिति २०७८/०५/१८ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित कतारमा रोजगार शिर्षकमा, कम्पनी: Devise Trading and Contracting, चलानी नं.: ६०१६२३२० र LT. No.: 244979, कम्पनी: IBRAHIM AL FAYAD TRAD CONT, चलानी नं.: ६०१६२३१९ र LT. No.: 244980, र कम्पनी: Al Asmakh Facilities Management, चलानी नं.: ६०१६२३१७ र LT. No.: 244981 को विज्ञापनमा अन्तर्वार्ता मिति २०७८ भदौ २५ गते (10 Sep. 2021) हुनपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.
Tel: 4385294, 4385295, 9801255512, Email: info.royal1034@gmail.com
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)


कञ्चनपुर डायरी
गोमती पाल/मध्यान्ह

# दाहसंस्कारमा पनि भारतीय एसएसबीको अवरोध



भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले नेपालीलाई दाहसंस्कारमा अवरोध गरेको छ। भीमदत्त नगरपालिका १० जिमुवाका लाल गिरीको दाहसंस्कारमा एसएसबीले अवरोध गरेको हो।भीनपा ९ रिगौनास्थित अन्त्येष्टि स्थलमा एसएसबीका जवानले दाहसंस्कार गर्न रोकेका छन्। उनीहरुले दाहसंस्कार गर्न नदिने भन्दै रोकेको स्थानीयले मध्यान्हलाई बताए।

'नेपाली ज्यूउँदा हुँदा पनि समस्या, मृत्यु हुँदा समेत भारतीय पक्षबाट समस्या खडा गरियो,' स्थानीय दिपेन्द्र सिंह ऐरीले मध्यान्हलाई भने, 'हेपाहाले सीमा नाघ्यो, सरकारले यस्ता घटनामा गम्भिर हुनु पर्छ।'

वर्षौंदेखि दाहसंस्कार गर्दै आएको स्थानमा एसएसबी आएर अवरोध गरेपछि स्थानीय आक्रोशित भएका छन्। दशनामी समुदायले समाधीस्थल निर्माण गरी अन्तिम संस्कार गर्दै आएका छन्। भीमदत्त नगरपालिका ९ का वडाध्यक्ष रतना नाथले सदगद कार्यमा समेत भारतीय एसएसबीको अवरोध गरी निन्दनीय कार्य गरेको बताए। 'आफ्नै भूमिमा समेत सदगद गर्दा छिमेकी भारतीय पक्षबाट अवरोध कार्य गलत हो, 'उनले भने, 'अब उप्रान्त यस्ता विषयमा भारतीय पक्ष जिम्मेवार हुनु पर्छ।'

# फोहोरमैला व्यवस्थापन केन्द्र बनाउन भीमदत्तका मेयरले फेरि खोजे साथ

भीमदत्त नगरपालिकाका मेयर सुरेन्द्र विष्टले फोहोरमैला व्यवस्थापन केन्द्र बनाउन फेरि सबैको साथ खोजेका छन्। फोहोरमैला व्यवस्थापन केन्द्रका लागि चाहिने जग्गामा अवरोध हुँदै आएपछि नगरपालिका अप्ठेरो अवस्थामा पुगेको छ।

'१४ किलोमिटर ढल निकाससहितको सडक निर्माण अहिले बजार क्षेत्रको कोर एरियामा शुरु गरिसकेका छौं, योसँगैको महत्वपूर्ण फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण अघि बढ्न सकेको छैन' मेयर विष्टले भने,'जग्गा प्राप्तिमा देखिएका अवरोधले यो कार्य अघि बढ्न सकेको छैन।'

भीमदत्त नगरपालिकाले एशियाली विकास बैंकको सहुलियतपूर्ण ऋण सहयोगमा सञ्चालित क्षेत्रीय शहरी विकास योजना झण्डै ६० करोड रुपैंयामा फोहोरमैला व्यवस्थापन केन्द्र बनाउन लागेको हो। छनोट गरिएका स्थानमा अवरोध हुँदै आएपछि फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण अनिश्चत हुन पुगेको छ।

एसियाली विकास बैंकको तीन अर्ब ऋण सहयोग अन्तर्गतको यो परियोजनामा फोहोरमैला व्यवस्थापन केन्द्र निर्माणलाई पहिलो शर्तका रुपमा राखिएको छ। फोहोरमैला व्यवस्थापन केन्द्र निर्माणसँगै नगर क्षेत्रमा ३६ किलोमिटर ढलसहितको पक्की सडक निर्माणका योजना पनि छन्।

फोहोरमैला व्यवस्थापन केन्द्र बनाउन नगरपालिकाले सबै पार्टीका जिल्ला, नगर र वडासम्मका नेताहरुसँग छलफल गरिसकेको छ। नगरपालिका कार्यालयमा पटक-पटक सर्वदलीय र सर्वपक्षीय छलफल गरिएका छन्।

मेयर विष्टले सर्वदलीय र सर्वपक्षीय छलफलमा गरिएका सहमति विपरीत स्थानीयस्तरमा अवरोध हुँदा फोहोरमैला व्यवस्थापन केन्द्र बनाउन समस्या देखिएको बताए। 'यसका लागि पटक पटक सर्वदलीय र सर्वपक्षीय बैठक गरिएका छन्, त्यसमा सहमति भएको छ,' मेयर विष्टले भने,'बैठकमा सहमति हुने, तर बाहिर आएपछि फेरि अर्को दिन अर्कै हुने, के कारणले यस्तो हुने रहेछ थाहा भएन।'

फोहोरमैला व्यवस्थापन केन्द्र बनाउन नगरपालिकालाई २० बिगाहा जमिन चाहिने देखिएको छ। 'जग्गा प्राप्ति गर्न लागि परेका छौ, यति २० बिगाहा जमिन प्राप्त हुन नसकेर समस्या भयो,' उनले भने।

केही दिनअघि भीमदत्त नगरपालिकाको वडा कार्यालय भवनमा मेयर विष्टले फोहोरमैला व्यवस्थापन केन्द्र निर्माणमा सहयोग गर्न सार्वजनिकरुपमा आह्वान गरेका थिए। उनले विकासका लागि राजनीति र विकासमा राजनीति गर्न नहुने बताएका थिए।

जग्गा प्राप्तिका अवरोधले फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण हुन नसक्ने अवस्था आएको चिन्ता मेयरको थियो। एसियाली विकास बैंकले पनि अन्तिम पटक १५ दिनको म्याद तोकेर समय दिएपछि नगरपालिका झन समस्यामा परेको छ। 'यो समयभित्र स्थान फिक्स हुन सकेन भने यो तीन अर्बको परियोजना जान्छ, फेरि अर्को आउन सम्भावना नै हुँदैन,' उनले भने,'हामीले नगरपालिकाको बजेटबाट यति ठूलो रकम लगानी गरी फोहोरमैला व्यवस्थापन केन्द्र बनाउन सक्दैनौं।'

नगरपालिकाले फोहोरमैला व्यवस्थापन केन्द्र निर्माणका लागि सहजीकरण गर्न पत्रकार खेम भण्डारीको संयोजकत्वमा गैर सरकारी संस्था महासंघ कञ्चनपुरका अध्यक्ष नरेश सिलाल र अधिकारकर्मी प्रभुनिधि पन्त सदस्य रहेको सहजीकरण समिति बनाएर पनि सहज बनाउन खोजिएको मेयर विष्टले बताए।

क्षेत्रीय शहरी विकास योजनाको २० वर्षे योजनाको पहिलो चरण अन्तर्गत फोहोरमैला व्यवस्थापन केन्द्रसहित अन्य पूर्वाधार निर्माणका कार्यक्रम अघि बढेको हो। फोहोरमैला व्यवस्थापन केन्द्र निर्माणमा देखिएको अवरोधले यो योजना पहिलो चरणबाट गुम्ने खतरा आउन लागेको छ।

'पहिलो चरणमा यस्तो भएपछि दोस्रो चरण आउने सम्भावना हुँदैन' मेयर विष्टले भने। भीमदत्त नगरपालिका स्थापनादेखि फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण हुन सकेको छैन। अहिले नगरपालिका क्षेत्रबाट दैनिक ७ दशमलव २९ टन फोहोर निस्कने गरेको छ। महेन्द्रनगर बजारसहित आसपासका ७ सय घरबाट फोहोर संकलन गरी नगरपालिकाले व्यवस्थापन गर्दै आएको छ।

विक्रम संवत २०३४ सालमा स्थापना गरिएको नगरपालिकामा यसअघि डम्पिङसाइट बनाउन पटक-पटक प्रयत्न गरिएको थियो। पछिल्लोपटक आधुनिक प्रविधिसहितको केन्द्र बनाएर फोहोरमैला व्यवस्थापन गर्ने योजना अघि सारिएको हो।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/०५/०१ मा दर्ता भएको **प्रा.लि. नं. १५४१८७** को **फिनिक्स साइबरटेक नेपाल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०५/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६४/०८/१० मा दर्ता भएको **प्रा.लि. नं. ४९२७६** को **जय गणेश ग्रुप चितवन प्रा.लि.**को मिति २०७८/०५/१८ मा सम्पन्न एकल शेयरधनीको विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं.** २८७,
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं.** ९८४१३४०४०३
**ईमेल :** rokayasherbahadur723@gmail.com

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०५/१९

यस कम्पनीको मिति २०७८/०५/१० मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **एकाउन्टिङ्ग एन्ड बिजिनेस म्यानेजमेन्ट सोलुसन प्रा.लि. (प्रा.लि. नं. १८४३७४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०५/११ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एकाउन्टिङ्ग एन्ड इन्जिनियरिङ्ग कन्सल्ट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७८/०५/१९

यस कम्पनीको मिति २०७८/०३/२० मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **ओल्र्ड टासी देलेक टिवेटेन रेष्टुरेण्ट एण्ड बार प्रा.लि. (प्रा.लि. नं. १०७४९७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०३/२८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **टासी देलेक शेर्पा रेष्टुरेण्ट एण्ड बार प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७८/०५/१९

यस कम्पनीको मिति २०७८/०५/१५ मा सम्पन्न विशेष/वार्षिक साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **एसियन इन्जिनियरिङ कन्सल्टिङ ग्रुप प्रा.लि. (प्रा.लि. नं. २५११४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०५/१७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एसियन कन्सल्टिङ ग्रुप प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७८/०५/१९

यस कम्पनीको मिति २०७७/०९/२९ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **एभरेष्ट ग्रुप अफ कम्पनीज् प्रा.लि. (प्रा.लि. नं. २०८८२८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०३/०९ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **उम्दा ग्रुप अफ कम्पनीज् प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।


# बुद्धमा तीज मिलन तथा दरखाने कार्यक्रम सम्पन्न



**प्रदिप ज्ञवाली/मध्यान्ह**
सैनामैना, १८ भदौ

बुद्ध इङ्लिस स्कुलको आयोजनामा हिन्दु महिलाहरुको महान पर्व हरितालिका तीजको अवसरमा तीज मिलन तथा दर खाने कार्यक्रम सम्पन्न भएको छ। सैनामैना नगरपालिका ७ देवपारमा अवस्थित उक्त विद्यालयले विद्यालयमा रहेका शिक्षक शिक्षिका तथा कर्मचारीका बीचमा सो कार्यक्रम गरेको हो। विगतका वर्षहरुमा पनि विद्यालयमा हुँदै आएको सो कार्यक्रम गत वर्ष कोरोना कै कारण हुन सकेन।

विश्वव्यापी रूपमा फैलिएको नोवल कोरोनाभाइरस (कोभिड-१९)को महामारीबाट जोगिन सरकारले लागू गरेका स्वास्थ्यसम्बन्धी नियमहरूको पालना गर्दै मौलिक रुपमा संस्कृति र परम्पराहरूलाई संरक्षण तथा प्रवर्द्धन गर्ने गरी यस वर्ष भने विद्यालयले मनाएको हो।

विद्यालयका प्राचार्य धर्मराज घिमिरेले निकट आउदै गरेको नेपाली महिलाहरूको महान् पर्व हरितालिका तीजको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदी बहिनीहरूमा पारिवारिक सुख, शान्ति र समृद्धिका लागि शुभकामना व्यक्त गरेका छन्।

हरितालिका तीजलाई नेपाली महिलाहरूले एक सनातन सांस्कृतिक पर्वको रूपमा मनाउँदै आएका छन्। भाद्र शुक्लपक्ष तृतीयाका दिन पर्ने यस पर्वमा महिलाहरूले भगवान् शिव-पार्वतीको पूजा आराधना गर्दा आफ्नो सौभाग्य प्राप्त हुने परिवारको सुख सुस्वास्थ्य र दीर्घायुको कामना गर्ने गर्दछन्।

यस्ता सांस्कृतिक पर्वहरूले सबै नेपालीहरूको बीचमा विविधतामा एकता, धार्मिक सहिष्णुता तथा सामाजिक सद्भाव कायम गर्न सहयोग पुऱ्याइरहेका हुन्छन् भन्ने मेरो विश्वास रहेको छ। हरितालिका तीजको मौलिकतालाई कायम राख्दै यसको सांस्कृतिक महत्वको जगेर्ना गर्नुपर्ने सरोकारवालाहरु बताउँछन्।

प्राचार्य घिमिरे भन्छन्, 'हरितालिका तीजले नेपाली महिलाहरूलाई समाजमा विद्यमान लैंगिक विभेद, जातीय विभेद लगायत सबै प्रकारका असमानताहरूको अन्त्य गर्दै समतामूलक प्रगतिशील समाजको निर्माणतर्फ अग्रसर हुन उत्प्रेरित गर्न सकोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु।' शिक्षक तथा शिक्षिकाहरु तीजका मौकिक भाकामा दर खादै रमाएका थिए। कार्यक्रम विद्यालयको सभाहलमा भएको थियो।


इन्द्रै बिन्ती गरुन झुकेर पदमा त्यो बिन्ती सुन्दैन त्यो ।।
आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।।

## हार्दिक श्रद्धाञ्जली



जन्म:
वि.सं. १९९३/०४/२७ गते

स्वर्गारोहण:
वि.सं. २०७८/०५/०७ गते

**स्व. ईश्वर प्रसाद बेल्वासे**

हाम्रा पुजनीय पति/पिता ईश्वरी प्रसाद बेल्वासेको ८५ वर्षको उमेरमा असमायिक स्वर्गरोहण भएको आज १३ औं दिनको पूण्यतिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै, यस दुःखद् घडीमा हामी प्रति समवेदना र सहानुभूति प्रकट गर्नुहुने सम्पूर्ण आफन्तजन, इष्टमित्र र मित्रजनहरु प्रति हार्दिक कृतज्ञता गर्दछौं।

श्रीमती
चन्द्रा देवी बेल्वासे

छोरा/बुहारी
नारायण/सुसिला बेल्वासे
छविलाल/उषा बेल्वासे


छोरी/ज्वाइ
चन्द्रकला/फडिन्द्र सापकोटा
लक्ष्मी/तुल्सीराम आचार्य

नातिनी/ज्वाइ
प्रतिमा/विष्णु पराजुली

नाति/नातिनी
प्रदिप बेल्वासे
उत्सव बेल्वासे
उत्कृष्ट बेल्वासे
हरि/राधिका
तुल्सा/निश्चल घिमिरे
शान्ता/सुमन अर्याल

तथा समस्त बेल्वासे परिवार

## हार्दिक श्रद्धाञ्जली



जन्म:
१९९३/०४/२७

स्वर्गारोहण:
२०७८/०५/०७

**स्व. ईश्वर प्रसाद बेल्वासे**

हाम्रा शुभेच्क्षुक एवं इभरग्रीन ईम्लपोइमेण्ट प्रा.लि.का सञ्चालक **छविलाल बेल्वासे**ज्यूका पुजनीय पिता **ईश्वरी प्रसाद बेल्बासे**को २०७८ भाद्र ७ गते ८५ बर्षको उमेरमा स्वर्गारोहण भएको आज तेह्रौं दिनको पूण्य तिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना ब्यक्त गर्दछौं।

सीतादेवी श्रेष्ठ
प्रकाशक

मदनकुमार श्रेष्ठ
सम्पादक

तथा
मध्यान्ह दैनिक
परिवार

कथा

# यो कस्तो सपना !

'हाम्रो गोर्खाको वीरमा कति नाम छ । तर, मलाई पटक्कै मन पर्दैन । टी.वी.मा बाकसमा बन्द भएर आएका देखाउँदा मेरो मुटु नै फुट्ला जस्तो भएर आउँछ नानी । त्यो देख्दा मलाई पटक्कै मनपर्दैन ।' 'उनीहरू त मातृभूमिको रक्षा गर्दै सहिद बनेर भारतमाताको झण्डा ओडाएर ल्याउछन् बुवा । कति इज्जत र सम्मानको साथ । हजार-हजार मान्छेको सम्मान पाउछन् ।'



■ सितादेवी क्षेत्री

तोरीबारी सानो गाउँमा हुर्किएका वीरबहादुर । एकपरि खेत र आधापरि बारील जसोतसो घरको खर्चपानी चलाउने गर्थे जीतबहादुरले । पन्ध्र-सोह्र घर थियो गाउँमा । एकअर्कामा साह्रोगाह्रो परिआउँदा आफ्नै घर सम्झी सबैलाई सहयोग पुऱ्याउथे । बीरबहादुरलाई सबैले माया गरी बीरू भनी बोलाउने गर्थे । बीरूलाई पनि गाउँको माहोलले असर पारेकोले होला सानैबाट समाज सेवातिर धेरै चासो राख्ने गर्थे । पढाईमा ध्यान बिल्कुलै नजाने, बुवाको करले मात्र स्कूल जाने गर्थे । आठ कक्षासम्म बल्लतल्ल पुगिसकेका थिए । दश कक्षामा दुईचोटी फेल भएर तेस्रो दाखिला गराउनु भयो बुवाले । बुवाले कहिलेकाहीँ छक्क पर्दै भन्नु हुन्थ्यो -'यो सातवटा पुस्तक एकवर्षमा कसरी याद हुँदैन तँलाई ? यही पढ्ने काम त छ तेरो । अलिक ध्यान दिने गर पढाईमा । आफूले त पढ्न पाइएन पढिएन, पढे तँलाई नै सुख होला । नत्र हामीलाई जस्तो दुःख भोग्नु पर्छ ।'

इम्फाल नगरमा सेनाको भर्ती खुल्ने भएको खबर सुनेर बीरूले निकै सोँच्यो । 'कतिपल्ट फेल भएसँगै पढ्ने साथीहरू क्याम्पस जान थाले । म कहिले दश कक्षा पास गर्न सकेको छुइनँ । आफैलाई लाज लाग्न थालिसक्यो ।' पढाइको गाह्रो सम्झेर बीरूलाई फौजमा भर्ती हुनुपर्छ भन्ने सोँच्यो । रातपरेपछि बुवाको छेउ गएर डराई-डराई फौजीमा भर्ना हुन जाँदा कस्तो हुन्छ भनी सोध्यो । 'हाम्रो गोर्खाको वीरमा कति नाम छ । तर, मलाई पटक्कै मन पर्दैन । टी.वी.मा बाकसमा बन्द भएर आएका देखाउँदा मेरो मुटु नै फुट्ला जस्तो भएर आउँछ नानी । त्यो देख्दा मलाई पटक्कै मनपर्दैन ।'

'उनीहरू त मातृभूमिको रक्षा गर्दै सहिद बनेर भारतमाताको झण्डा ओडाएर ल्याउछन् बुवा । कति इज्जत र सम्मानको साथ । हजार-हजार मान्छेको सम्मान पाउछन् ।'

'तँलाई चैं केको खाँचो परेर मसित यति लामो बहस गर्दैछस् ?' 'बुवा इम्फालमा गोर्खालीको भर्ती खोल्दैछ अरे बुधवारको दिन । मलाई पढ्नै आएन । यसो भर्ती पो लाग्न जाऊँ कि भनेर हजुरलाई सोध्न आएको ।'

'मैले तँलाई अघि नै मेरा इच्छा भनिदिए । मलाई मन पर्दैन भनी । सहिद भएर झण्डा ओडाएर मान-सम्मान त पाउँछन् । तर, त्यो बुढो बाउको हृदयमा कस्तो बज्र पर्छ होला, बुढो बाउको छोराले काँध हाल्ने बेलामा छोरोको अर्थी बाउले काँध हाल्दा । तँ अहिले यो अनुमान लगाउन सक्दैनस् । भोलि पर्सी बिहे गरेर छोरा-छोरी हुँदा मात्र कस्तो हुने रहेछ सन्तानको मोह पत्तो चल्छ । यो बुढो बाउलाई नरूआ । थपक्कै घरमै बस ।' अब बुवाको अगाडि बिन बजाउनु ठीक छैन सोँच्यो बिरूले । ' हवस् बुवा ।' भन्दै साथीको तिर लाग्यो । साथी गोपालसित मिली जसो तसो कुद्ने र पास भए मेडिकलसम्म लुकेर दिने सल्लाह मिलाए ।

बुधबार बिहानै स्कूल जान्छु भनि घरबाट बीरू निस्कियो दुवै साथी सीधै सी.आर.पी. केम्प लाङ्जिङ पुगे । मैदानमा बीस-बीस मान्छे कुदाउँदै थिए । दुई घण्टाजतिमा बीरू र गोपालको नाम बोलाए दुवैले जीउ ज्यान लगाएर कुदेर पहिलो हुन पुगे । भोलि बिहानै दुवै मेडिकलको लागि आउनु भनि आदेश दिए त्यहाँ । दुवै खुशीसित घर फर्किए ।

भोलिपल्ट बिहानै लुकेर गएर मेडिकलमा बसे । आजभने दुई बजीसम्म पालो आएको थिएन । बस नभेट्ने डरले दुवैको हालत खराब हुँदै थियो । तीन बजे बल्लतल्ल सकियो । त्यसदिनको अन्तिम बस भेटेर घरतर्फ लागे । बाटोमा सल्लाह गरे, सबैमा पास नभई कसैलाई केहि नसुनाउने ।

पन्ध्र-सोह्र दिनपछि लाङ्जिङ पुगेर गेटमा बसेका गार्डलाई रिजल्टबारे सोधे । मेडिकलमा बसेर पास भएकाहरूको नाम नोटिस बोर्डमा टाँसिएको छ गएर हेर्दा हुन्छ भन्यो गार्डले । दुवैको मुटु ढुकढुक हुँदै गएर हेरे । आफ्नो नाम देखेर एकछिन खुशीले विश्वास नै लागेन । तँ पहिला मेरा नाम पढ अनि म तेरो नाम पढ्छु र मात्र विश्वास हुन्छ होला भनी बीरुले त्यसैगरी पढेर खुशीहुँदै घरतर्फ लागे ।

घर पुगेरै पहिला बुवालाई खुट्टामा ढोगेर आज उ फौजी लागेको खुश खबर सुनायो । तर, बुवा बन्दै खुशी हुनु भएन । घरका मुख्य बुवा नै खुशी नभएकोले घरका अन्य सदस्य अलमल्ल परेका थिए । बुवा सबै बाक्सामा बन्द भएर आउदैनन् । यही गाउँका माथिका धने काका पनि त जानु भएको हो । अहिले त पेन्सन भएर घरमा बसी पैसा आउछ महिनैपछि । दिन आएपछि घरमै बस्दा पनि मरिन्छ । मलाई आफ्नो जन्मभूमि भारतमाताको सेवा गर्न धेरै इच्छा छ । पर्सीनै डिमापुरमा हाँजिरी जनाउनु आदेश छ । मलाई खुशी मनले बिदा दिनुहोस् बुवा । बुवाको मुखबाट एक वाक्य पनि फुटेन ।

जाने दिन बिहानै आमाले पूजापाठ गरेर टीको लगाएर धेरै आशीर्वाद दिएर छोरालाई घरबाट विदा गरिन् । गाउँका सबैसित विदा लिएर बीरू र गोपाल आफ्नो गन्तव्यतिर लागे । बीरू र गोपाल गएपछि घरका मात्र होइन पुरै गाउँनै शुन्य भएको अनुभव गरे । सबै छः महिना गन्दै बसेका थिए । गोपाल अँध्यारो मुख लगाएर भन्छ-'भनेजस्तो कहाँ हुँदो रहेछ यार ।' 'किन के भयो र तँलाई गोपाल ?'

'यो तालिम त निक्कै साह्रो र गाह्रो पर्दो रहेछ । फौजी हुनुको लागि तालिम त गर्नु नै पर्ने रहेछ । फौजी बन्नलाई त निक्कै दुःख खट्नु पर्दो रहेछ । के के नै फौजी भइयो भन्दै खुट्टा उचाल्दै आएको खैई त यो तालिमसित हार खाएँ मैले बीरू । मलाई त भागेर घर जान मन लाग्यो ।'

'हेर गोपाल पढ्न गाह्रो मानी, फौजी भइयो भन्दै रोप छाट्दै यहाँ आइयो । अब यहाँ तालिम गाह्रो भएर भागेर आएको भन्दै घर जानु ? हामीलाई घरबाट र गाउँकाले के भन्लान् ? तँलाई केहि अन्दाजा छ ?'

'अँ भनौला साँच्चै भन्दा के जान्छ ? तालिम यति साह्रो छ उनीहरूलाई के थाहा ।'

गोपाल बीरूका कुरा सुन्दै सोची रह्यो, केहि जवाब फर्काएन ।

छः महिनापश्चात तालिम सकियो । बीसदिनको छुट्टी पाएर कांग्पोक्पी घर पुगे । बीरूको बहिनीको बिहे तय भइसकेको रहेछ । एउटी बहिनी बीरूले केही कमी नगरी बहिनीको बिहे सम्पन्न गरायो । बीरूको छुट्टी सकिएर जानेदिन आयो । रातीको खाना खाएपछि बुवाले भन्नुभयो -'अबको छुट्टी आउदा तेरो बिहे गरौं भनी मैंले सोँचेको छु । तेरो के-कस्तो जवाफ छ ?' आफ्नो बिहेको कुरा सुनेर बीरू रातो पिरो भयो लाजले । अवाक् भयो ।

'केहि जवाफ दिदैंनस् त बीरू । कि कतै आफै केटी हेरेको छस् कि ?'

'त्यस्तो त केहि छैन बुवा । हजुरलाई जे ठीक लाग्छ त्यहि गर्नुहोस् ।' भन्दै लाजले भुतुक्कै हुँदै बाहिर गयो ।

यसपाली सीधै कारगील गएर हाजिरी हुनु पर्ने थियो दुवैलाई । जानेबेलामा आमाले टीका लगाई दहिको सगुन खिलाएर बिदा गर्नुभयो ।

बाटोमा गोपाल भन्छ, 'हामी कहिले सेनापतिसम्म नगएका, डिमापुरसम्म त जसो-तसो पुगियो । अब कारगीलको यात्रामा जाँदैछौं, हामी पुगिएला ?'

'आहा हातमा टिकट छँदैछ । किन अहिलेबाटै चिन्ता गर्छस् सोद्धै-खोज्दै पुगि हालिन्छ । ट्रेनमा चढेपछि पुगी हालिन्छ । देखिनस् यसपाली फौजी भएर जाँदा गाउँमा हाम्रो कति इज्जत थियो । सबैले पालैपालो निम्ताएर मीठा-मीठा खाना पकाएर खिलाए ।'

दुवैले सोद्धै-खोज्दै जसोतसो कारगील पुगेर हाजिरी जनाए ।

दुवै फुर्सदमा दुःख-सुखका कुरा गर्ने गर्थे । एकवर्षमा दुई महिनाको छुट्टी पाइनाले गर्दा एकप्रकार घरको कल्पना गर्दै खुशी पनि हुने गर्थे ।

एकदिन बिहानै तीन बजेतिर फौजीहरू पेट्रोलिङ जाँदै थिए । जंगलको बाटो सावधानी सित हिँड्दै थिए । बाटोमा दुश्मनले लेन्ड-माइन माटोमुनि गाडेर राख्ने गर्थे । अचानक माइन फुटेर अगाडि हिँड्ने चार जनालाई चोइटाले लाग्यो । अगाडी हिँड्ने त त्यहीँ सहिद भए । तीनजना बेहोश भएर लडे । छिटो-छिटो गरी उनीहरूलाई अस्पताल पुऱ्याए । डाक्टरहरूले कठिन परिश्रम गरी शरीरमा पसेका चोइटाहरू सबै निकाल्न सफल भए ।

बीरुलाई चोट लागेकोले धेरै चिन्तामा थिए गोपाल । कौब्रबाबा, गोविन्दजी भाकल गर्दै बसे । मन दोधारमा छ, घरमा घटनाको खबर सुनाउ कि नसुनाउ भईरह्यो । बीरूको बुवाले जानै मना गरेको सम्झे । जबसम्म बीरूलाई होश आउदैन तबसम्म नसुनाएकै राम्रो हुन्छ होला भनी मनमा सोँच्यो ।

दुईदिन पछि बीरूलाई होश आयो । सबैभन्दा पहिला गएर भेटे गोपालले । धेरै बोल्न मन भएकोले मैले घरतिर यो खबर सुनाएको छुइन, के गरू होला भनि सोध्यो । निको भई हाल्छ । नसुनाएको राम्रो हुन्छ । बिना बित्थामा चिन्ता हुन्छ, राम्रो गरेउ नसुनाएर गोपाल ।

बीसदिन अस्पताल राखेर निको भएपछि बीरूलाई एकमहिना छुट्टी दिए । अलिकदिन घरमा गएर आराम गरेर आउनु भनी सल्लाह दिए । यसपाली बिचारा गोपालको छुट्टी भएन । बीरू एक्लै घर पुगे । कसैलाई चोट लागेको नसुनाउने विचारमा थिए । गोपालसँगै किन नआएको सबैले सोधे । गोपालले छुट्टी पाएन मात्र भने बीरूले ।

गाउँको घर बाहिर स्नानघर थियो । एकदिन नुहाएर निस्किदै थिए आमाले वीरुको शरीरमा चोट देखेर डराउँदै भन्नु भयो -'हे भगवान ! यो जीउभरि कसरी चोट लाग्यो ?' जोडले कराएकोले सबै परिवार जम्मा भए । बीरूलाई आफ्नै लापरवाहीसित रिस उठ्दै थियो कि बुवाले सोध्नु भयो- 'यो शरीरभरि के भएको यस्तो ?'

वीरुले अब लुकाउनु उचित लागेन र सबै सुनाए ।

'त्यस्तो ठूलो केहि भएको होइन । डाक्टरले अपरेशन गरी चोइटा निकाली दिए । यो त दाग मात्र हो । अब म ठीक छु केहि चिन्ता नगर्नुहोस् हजुरहरूले ।' 'हाम्रो आँखा छैनन् नानी ! यत्रो घाउ आलै छ, भोलि बिहानै इम्फाल गएर कुनै राम्रो प्राइवेट डाक्टर जचाउनु पर्छ ।' बीरूले केहि जवाफ दिएनन् ।

डाक्टरले यत्रो चोट कसरी लाग्या भनेर प्रश्न गरे- कारगीलमा सरुवा भएर गएको थिए र बाटोमा बम फुटेर लागेको भनी सुनाए । डाक्टरले राम्रो जाँच गरी दश दिनको दवाई लेखेर भने, यो दवाई खाई सकेर फेरि आउने सल्लाह दिए । आज म कुनै फिस लिन्न देशको रक्षकको लागि भन्दै बिदा गरे ।

घरभित्र पस्नेबित्तिकै बुवाको गन्थन शुरू भयो -'अस्तिनै त तेरो खुशीले गइस् अब पटक्कै जानुपर्दैन । यो मेरो हुकुम हो बुझिस् । मैले तल बजारमा पशु चिकित्सकमा काम गर्ने क्लरक रतन चापागाईंकी छोरी तेरोलागि माँगी सकेको छु । अब बिहे गरेर यहीँ कोही सानोतिनो काम खोजी घरमै थपक्क बस ।'

बुवासित केही बहस गर्न उचित लागेन बीरूलाई ।

एकदिन बुवाले बोलाएर भन्नु भयो-'भोलि दिउसो विनयसित गएर केटी हेरेर आइज । तँलाई मनपरे म गएर बिहेको पक्का गरी आउछु । केटी त बी.ए. पास गरेकी रहेछिन । मलाई त देख्दै साक्षात लक्ष्मी जस्तै लाग्यो ।' बीरूले रातभरि सोच्यो, 'अहिले नै किन बिहे गर्नु ? जागीर लागेको वर्षदिन भएको छैन । अलिक पैसा कमाएर राम्रो घर बनाएर बिहे गर्दा राम्रो होला । बुवाले सोधे केटी मनपरेन भनिदिन्छु ।'

भोलिपल्ट दुईबजे केटीको घर पुगे । केटीको दाजुले भित्र बोलाएर लगे । सायद हामी आउने खबर पहिलै थाहा थियो जस्तो लाग्यो । केटीले चिया नाश्ता बोकेर बैठक कोठामा आइन् । केटीका बुवाले भने-'मनिषा पहिला चिया-नाश्ता पाहुनालाई देउ ।'

बीरूले मनमनै सोच्यो केटीको नाम मनिषा रहेछ । लाजले रातोपिरो हुँदै चाय राखेर त्यहाँबाट गइन् । एकछिन कुराकानीपछि बीरूले जाने आज्ञा माँगे । घरबाट निस्किएपछि विनयले भने-'केटी कस्तो लाग्यो तँलाई ?' हिजोबाट पैसा कमाएर बिहे गर्छु, अहिले बिलकुल गर्दिन भन्नेले आज केटी देखेपछि आँखा र मनमै बस्यो । उ कल्पनामा डुबी रह्यो यहि भन्दै- 'कति लामो कपाल, ठूला-ठूला सुन्दर आँखा, गोरी च्याट परेकी, हेराई कति राम्रो । यति राम्रीलाई कसरी मनपरेन भन्नु ? बुवाले भन्नुहुन्थ्यो साक्षात लक्ष्मीनै छिन भनी, साँच्चै हो रहेछ ।'

'हन के सोच्दै छस् यार ? केहि जवाब नै छैन त । तँलाई मनिषा कस्तो लाग्यो ? भरे त बडाले मलाई सोध्नुहुन्छ मैले के जवाब दिउ भन त ।' 'कति राम्री रहेछिन, मन नपर्ने त सवालै आएन नी यार । स्वर्गकी अप्सरा भन्दा पनि धेरै सुन्दरी ।'

विनयले बडालाई केटी मनपराएको खबर सुनाए । बीरूका बुवाले केहि विलम्ब नगरी बिहे सम्पन्न गराए ।

बीरूको छुट्टी सिद्धिएर जानेदिन नजिकै आउँदैछ । एकातिर बुवाको जानु पर्दैन भन्ने हुकुम । अर्कातिर नवविवाहित । कस्तो उपाय लगाउ भन्ने सोँचमा परे वीरु । सबैजना कौसीमा घाम तापेर बसेको देखेर बीरूले मौका छोप्यो । 'मेरो जाने पनि तीनदिन मात्र रहेछ ।' 'फेरि यो केटो के भन्छ ? मैंले अस्ति नै कुरा सकेको छु । मलाई केटाकेटी जस्तै नजिस्काई राख । अब घरमा बुहारी पनि छिन् । यतै कुनै सानोतिनो काम खोज ।'

'बुवा एकपल्ट फौजीमा भर्ती लागेपछि कसम खाइएको हुन्छ, ज्यान दिएर म मातृभूमिको रक्षा गर्छु भनि । म जति मेरो आमाको माया गर्छु, त्यत्ति नै मेरो देशको लागि पनि गर्छु । मेरो इच्छा नै देशसेवा हो । अब म मेरो डिउटीमा गइन भने प्रहरी आएर पक्डेर लान्छन् । त्यति सजिलो छैन छोड्नलाई । मेरो कुराको विश्वास छैन भने बिष्ट काकालाई एकपल्ट सोधी हेर्नुहोस् ।'

धेरै बहस पछि बीरू डिउटीमा जाने पक्का भयो । आफ्नो ठाउँमा पुगेर हाजिरी जनाए । भर्खर चोट लागेको कारणले गर्दा बीरूलाई कोलकत्ता गएर हाजिरी हुने अर्डर निस्कियो । अब बीरू र गोपाल छुटिने भएकोले दुवै दुःखी भए । राती कोलकत्तामा सरुवा भएको खबर सुनाए घरमा । एक हप्तापछि जाँदैछु भने । जबसम्म बीरूको फोन आउदैन थियो, बुवालाई पीर लाग्ने गर्थ्यो । दुईदिन भयो छोराले फोनमा बात नगरेको । धेरै पीरले हिजो राती पनि निन्द्रा लागेन । फोन गर्न भ्याएन होला, अनेक थरि सोचेर ओछ्यानमा परे । खाटमा पल्टिदै कतिबेला आँखा लागेछ । कताको सपनामा पुगेछन् ।



> जबसम्म बीरूको फोन आउदैन थियो, बुवालाई पीर लाग्ने गर्थ्यो । दुईदिन भयो छोराले फोनमा बात नगरेको । धेरै पीरले हिजो राती पनि निन्द्रा लागेन । फोन गर्न भ्याएन होला, अनेक थरि सोचेर ओछ्यानमा परे । खाटमा पल्टिदै कतिबेला आँखा लागेछ । कताको सपनामा पुगेछन् ।

भोलिपल्ट वीरु कोलकत्ता जानलाई तयारीमा थिए । साँझको पेट्रोलिङ जाने आदेश भयो । क्याम्पबाट दुई की.मी. जति पर जाँदै थिए । फौजीमाथि दुश्मनहरू दुईतर्फबाट अन्धाधुन गोली चलाए । सबै फौजी लडेको देखेर दुश्मनले हतियार चोरेर फरार भए ।

वायरलेसमा सिग्नल नभेटेर दुई गाडी फौजी आए । त्यहाँ रगत बगेको देखेर सबै फौजीको रगत उम्लिएर आयो । फटाफट घायलहरूलाई गाडीमा हाली अस्पताल पुराए । डाक्टरले चारजना सहीद भईसकेको जनाए । त्यो सहिद भएकाभित्र बीरू पनि परेका थिए । अझै दुईजनाको हालत गम्भीर रहेको डाक्टरले बताए । यस्तो सुनेर सबैसाथीहरूको रगत तातिएर रिसले मुट्ठी कसेर मुरमुरिदै भन्दै थिए-' हामी अहिले गएर तिनीहरूलाई खोजेर यही हालत पारी हाम्रो हत्यार लिएर आउँछौँ सर । हामीलाई अर्डर चाहियो सर ।'

'पालोको पैँचो आउछ । तिमीहरू अहिले शान्त भएर बस, यो मेरो अर्डर हो ।' अफसरले भने ।

बीरूको घरमा सबै रोएर हालत बिग्रेको थियो । बुवा भित्रभित्रै रोएर मुटु चुडी सकेको थियो, भन्दै थिए -'नजा बाबु त भनेको थिए । आफ्नो बुद्धिले गर्दा आज यो दिन देख्नुपर्यो । मातृभूमिको रक्षा गर्दै सहिद भएपनि मान-सम्मान पाएपनि बुवाको काँध दिने बेलामा छोरोको काँध हाल्नु पर्ने यो कस्तो परीक्षा प्रभु हजुरको ।'

यता बुहारी, आमाहरू विलाप गर्दै रोएर हालत बिग्रेको थियो । पुरै गाउँ शोकमा डुबेर चकमन्न थियो । कोहि बाहिरबाट कराउदै भनेको सुने, 'पार्थिक शरीर पुग्नेबेला भयो । सबै शान्त भएर बसिदिनु' अनुरोध गर्दै थिए । बीरूको बुवा 'छोरा यो के भयो ?' भन्दै चिच्याउनु भयो । यति जोडले चिच्याएकोले घरका सबै बिउँझिएर के भयो भन्दै कुदेर आए । पूरै शरीर पसिनाले भिजेको देखेर सबै अत्तालिए । कोही पानी ल्याउन कुदे, कसैले पसीना पुछीदिए । एकछिनमा अलिक आराम भएपछि बुवा बोले-केही भएको छैन, साह्रै डरलाग्दो सपना देखेछु । जाओ सबै सुत भोलि कुरा गरौंला ।'

बुहारीले आफै भनिन्, 'आज उहाँले मेसेज पठाउनु भएको थियो । कोलकत्ताको लागि निस्किनु भयो अरे । त्यहाँ पुगेर फोन गर्नुहुन्छ अरे, घरमा सबैलाई भनिदिनु ।' भन्नु भएको थियो। यो सुनेर जीतबहादुरले ठूलो सास फेरे । सबै गएपछि ठण्डा दिमाग लगाएर सोचे 'यो कस्तो सपना देखें भन्दा चौबीस घण्टा यस्तो अशुभ मनमा सोचेर देखेको भन्छन् । यो कस्तो सपना देखें मैले सलल बगेको, होशै उड्ने । कति हजारजनाका छोराहरू फौजीमा लागेका छन् देशको रक्षाको लागि । सबैले छोरा-छोरीमाथि गर्व गर्छन् । म मात्र किन यति पीतुरको भएको ? छोराको देशभक्तिको इच्छालाई म किन वाधा गर्दैछु । यो सपना देखेको कसैलाई सुनाउदिन । कोहि मरेको देखे आयु बढ्छ भन्छन् । साँच्चै मेरो छोराको आयु बढाई दिउन ईश्वरले आजबाट म नकारात्मक सोच कहिल्यै सोच्दिनँ ।'

कविता

## कहिलेकाहीँ त सम्झन्छौ होला नि तिमीले पनि



शिव ढकाल, रूपन्देही

कहिलेकाहीं त सम्झन्छौ होला नि है तिमीले पनि मलाई ।
सम्झन्छौ होला, ती दिनहरु जहाँ
तिमीले नसुनाएका केही हुँदैन थिए
अनि मैंले नसुनेको केही हुँदैनथ्यो तिम्रो कुरा ॥


सम्झन्छौ होला, ती अनिदा रातहरु
तिमी निदाउन नसकेर, अनिदो बसेकी हुन्थ्यौ
अनि म तिमीलाई साथ दिन अनिदो बनिदिएको,
तिमीसँग बोल्दै, मेसेज गर्दै
निद्रा लाग्दा लाग्दै पनि जबर्जस्ती तिमीलाई साथ बनिदिएको पनि ।

त्यतिबेला हामीबीच केही पनि रहेको हुँदैन अनि
सम्झन्छौ होला, ती नन्सेन्स डिस्कसहरु, कति प्यारा प्यारा
कहिल्यै सँगै नभएर पनि सँगै रहेझैं
सँगै भएझै हाम्रो सम्बन्धको गहिराइहरु ।
सम्झन्छौ होला नि, रिसाउँदा आँखा नदेखेर लेखेका
ती लामा लामा मेसेजहरु, तिमीले इरेज गरेपनि दिमागमा त ॥
पक्कै बसेको होला नि है
सम्झन्छौ होला, साना-साना बाचाहरु
सँगै खुसी हुने, आफ्नो आफ्नो ठाउँमा राम्रो गर्ने,
आफू तयार भएपछि अब चाहिँ हो भनेपछि
दुवै एक हुने जसरी सकिन्छ त्यसै गरी, विवाहसम्म पुऱ्याउने
सानो घरमा, जस्तो अवस्था छ त्यस्तै खुसी हुने
तिम्रो अनि मेरो दुबै परिवारलाई खुसी राख्ने ।
त्यति ठुला पनि थिएनन् हाम्रा बाचाहरु ।

सम्झन्छौ होला नि, कति नजानेर पनि मनाउन खोज्ने
अनि नजानेरै पनि फकाउन खोज्ने मैंले
अन्तिम पटक, मुसुक्क मुस्कुराएर बिदा भएको पनि ।
मलाई थाहा छ आज पनि बोलाउने मन गर्छ होला
आज पनि बोल्ने मन गर्छ होला कहिलेकाहीँ
अनि हिजो जस्तै हुने मन गर्छ होला नि कहिलेकाहीँ
तर 'तर तिमीलाई लाग्छ कि म हिजो जस्तै छैन होला
म बोल्न खोज्दिन होला ॥

बदलिएको त समय मात्र हो, मन होइन
बदलिएको त केही कुरा मात्र हो, भावना होइन
तिमीले पो छोड्यौ याद गर्न म त अझै उस्तै उस्तै छु ॥

## पाँच मुक्तक



हरिकृष्ण काफ्ले, रौतहट

१. कुरा गर्छ दम्भपूर्ण, विचारधारा हीन राख्छ,
दास जसरी आफूलाई, सधैं पराधीन राख्छ ।
सनक देख्दा मान्छेहरूको अक्सर मलाई ताज्जुब लाग्छ,
कुन सपना देख्न मान्छे, सिरानीमा संगीन राख्छ ?


२. खुसी खोसे दिनबाट, निंद चोरे रातबाट ।
अपहेलित हुनुपर्छ,सधैं अभिजातबाट ।
कतिन्जेल वली हुन्छन् ती विचरा जनताहरु ?
काटिएको काटियै छन्, जल्लादको हातबाट ॥

३. पागल बनाउँछ मान्छेलाई, बिमार बनाउँछ,
सारा सुखचैन खोसी,लाचार बनाउँछ ।
माया भन्नू सौदावाजी! लाभान्वित त्यही हुन्छ,
जो मायालाई नाफामुखी,व्यापार बनाउँछ ॥

४. माटो छुट्यो टेक्ने ठाउँको, बोल्दा छोप्छन् मुखलाई,
बगे महासागर बन्छ, नकोट्याउ दुःखलाई ।
जो स्वयं नै संत्रस्त छ अभिशप्त जीवनसंग,
कुन खुसीको कुरा सोध्छौ बगरको रुखलाई ?

५. सकिएन फाल्न ती सब,जे जे थिए फाल्नुपर्ने ।
बाँकी रहे बेथितिका,पर्खालहरु ढाल्नुपर्ने ।
बसाउनेले यो संसारमा कस्तो थीति बसाएछन्,
आफ्नो मुटु चुँडालेर,अर्काको मन टाल्नुपर्ने ?

## गजल



पुष्प घिमिरे काँडा, सिक्किम

आफैबाट जीवनलाई धोका बारम्बार थियो ।
आफ्नै बचनको तीरले मुटु वारपार थियो ।

चरी झैं एक्लै गगनमा उड्ने रहरहरु छन्
कर्मकै खेल त होला पिंजडा उपहार थियो ।

तड्पी तड्पी मरोस् नै भन्ने सोचेर होला
बर्साउँछन् चोट जसले उही दिलदार थियो ।

अर्जुनको बाण माथि आफै सैयामा सुतेर
न मर्नु न बाँच्न सक्नु जीवन मझधार थियो ।

सुख एक्छिनको पाहुना दुःख सधैंको मित्र
बुझ्दा आखिर मैले यही जीवन सार थियो ।

# कोभ-२ र हैजाविरुद्धको खोपको 'क्लिनिकल ट्रायल'

**काठमाडौं/मस**-स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्स कोभ-२ र हैजा रोग विरुद्धको खोपको 'क्लिनिकल ट्रायल' लाई सुरुआत गर्ने भएको छ । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले ती रोगका क्रमशः 'एमआरएनए' र 'कोलेरा' खोपको 'क्लिनिकल ट्रायल' सुरु गर्न लागेको हो ।

यही भदौ १० गते मन्त्रिपरिषद्को बैठकले ती रोगविरुद्धको खोपका लागि 'क्लिनिकल ट्रायल' गर्न अनुमति दिने निर्णय गरेको थियो । परिषद्का कार्यकारी निर्देशक डा प्रदीप ज्ञवालीले दुवै खोपको परीक्षण दुई हप्ताभित्र सुरु गरिने बताए । कोभ-२ विरुद्धको 'एमआरएनए' परिषद्ले धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा देउराली जनता फार्मास्युटिकल्ससँगको सहकार्यमा र हैजाको 'कोलेरा' को परीक्षण बीपीसहित, धुलिखेल अस्पताल, कान्ति बाल अस्पताल र नेपालगञ्ज मेडिकल कलेज नेपालगञ्जमा गर्ने उनको भनाइ छ ।

खोप उत्पादक कम्पनीले खोप 'एमआरएनए' पहिलो र दोस्रो चरणको सफल परीक्षणपछि नेपालमा तेस्रो चरणको परीक्षण गर्न थालिएको हो । चीनको वालभ्याक्स कम्पनीले उत्पादन गरेको कोरोनाविरुद्धको 'एमआरएन' खोप नेपालमा परीक्षण गर्न थालिएको उनले बताए ।

उक्त कम्पनीले २८ हजार जनामा परीक्षण गर्ने र नेपालमा तीन हजार जनामा परीक्षण गर्ने उनले भनाइ छ । सोही अनुसार तेस्रो क्लिनिकल ट्रायल बीपी प्रतिष्ठान धरान हुनेछ ।

खोपको परीक्षण गर्नु अगाडि प्रयोगशाला र जनावरमा गरिन्छ । मानिसमा पहिलो र दोस्रो चरणको परीक्षण गर्दा थोरै जनसंख्यामा गरिन्छ । 'खोप परीक्षण गर्दा धेरैमा कति सुरक्षित छ भन्ने हेरिन्छ', कार्यकारी निर्देशक डा ज्ञवालीले भने, 'तेस्रो चरणमा परीक्षणमा धेरै सुरक्षित भए मात्र खोप लगाउन अनुमति दिइन्छ ।' परीक्षणका क्रममा खोपको सुरक्षा, प्रभावकारिता र कुन उमेर समूहका व्यक्तिलाई बढी प्रभावकारी हुन्छ भनेर पनि अध्ययन गरिन्छ । उनले परीक्षण गर्दा कुनै व्यक्तिमा कुनै समस्या परे त्यसको सम्पूर्ण जिम्मा खोप उत्पादक कम्पनीले लिने गर्ने बताए ।

'परीक्षणका क्रममा खोप दिएकाहरुमा कुनै पनि असर देखिए उत्पादन कम्पनीले नै सम्पूर्ण जिम्मा लिने गरिन्छ,' उनले भने, 'कसैलाई जबर्जस्ती वा गुपचुप कसैलाई पनि खोप परीक्षण गरिँदैन ।'



परीक्षणका लागि चीनबाट खोप अझै आइसकेको छैन । परिषद्ले सुनसरी जिल्लाका स्थानीयवासीमा परीक्षण गर्ने जनाएको छ । अहिले नेपालमा प्रयोग गरिएका खोप कोभिसिल्ड, भेरोसेल, जोन्सन एन्ड जोन्सन र एस्ट्राजेनिका खोप बाहिरी मुलुकमा नै परीक्षण गरिएका हुन् । नेपालमा परीक्षण गर्दा नेपालीको वंशाणुगत गुणअनुसार कति प्रभावकारी हुन्छ भन्ने थाहा हुने परिषद्का कार्यकारी निर्देशक डा ज्ञवालीले बताए ।

साथै नेपालमा परीक्षण हुँदा कम्पनीले नेपाललाई सहुलियतमा प्राथमिकताका साथ खोप पनि उपलब्ध गराउने सहमति भएको छ । 'परीक्षण भएपछि त्यो खोप सबभन्दा पहिलो हामीले पाउँछौं,' उनले भने, 'हामीले खोप नदिईकन कम्पनीले अन्य देशलाई बेच्न पाउँदैन । हामी समयमा र उत्पादनमा लागेको खर्च मात्र दिएर खोप पाउन सक्छौं ।'

परिषद्की अनुसन्धान अधिकृत नमिता घिमिरेले हैजाविरुद्धको खोप 'कोलेरा' १ देखि ४० वर्ष उमेर समूहका करिब दुई हजार पाँच सय व्यक्तिमा गरिने जानकारी दिए । हैजाविरुद्धको खोप कोरियन उत्पादक कम्पनीको सहयोगमा परीक्षण गरिन थालेको हो । कोलेरा खोप दुई हप्ताको बीचमा दुईपटक लगाउनुपर्ने हुन्छ ।

औषधि व्यवस्था विभागमा उक्त कम्पनीले आपत्कालीन प्रयोगका लागि 'एमआरएन' खोपको अनुमति अझै माग गरेको छैन । सूचना अधिकारी सन्तोष केसीले कम्पनीले परीक्षण प्रयोगका लागि अनुमति माग नगरेको बताए ।'मन्त्रिपरिषद् र स्वास्थ्य परिषद्ले ट्रायलका लागि अनुमति प्रदान गरिसकेको छ,' उनले भने, 'हामीसँग कम्पनीले अझै अनुमति मागेको छैन । माग्न आएको खण्डमा हामीले तुरुन्तै अनुमति दिन्छौं ।' विभागले 'एमआरएन' खोप परीक्षणको अनुमति दिएपछि मात्र परीक्षण गरिनेछ । अहिलेसम्म विभागले कोभिड-१९ आपत्कालीन प्रयोगका लागि भारतबाट उत्पादिक खोप कोभिसिल्ड र कोभ्याक्सिन, चीनबाट सिनोफार्मको कम्पनीको भेरोसेल र सिनोभ्याक्स, रसियन कम्पनी स्पुतनिक 'भी'र अमेरिकन खोप जोन्सन एन्ड जोन्सनलाई अनुमति प्रदान गरेको छ । नेपालमा अहिलेसम्म एक करोडभन्दा बढीले खोप लगाइसकेका छन् ।

# यार्सागुम्बासहित चार पक्राउ



**काठमाडौं/मस**-महानगरीय अपराध नियन्त्रण महाशाखाले झण्डै रु.८० लाख मूल्य बराबरको यार्सागुम्बासहित चार जनालाई पक्राउ गरेको छ ।

अवैधरुपमा यार्सागुम्बाको कारोबार भइरहेको प्राप्त सूचनाका आधारमा महाशाखाको टोलीले काठमाडौंको सामाखुशीबाट उनीहरुलाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा गोरखा घर भई काठमाडौंको मित्रनगर बस्ने ४८ वर्षीय डुण्डुप गुरुङ, लमजुङ घर भइ नयाँ बसपार्क बस्ने ५० वर्षका बेलबहादुर थापा, सोही जिल्ला घर भई बानियाटार बस्ने ४० वर्षका कृष्ण परियार र प्यूठान घर भई तारकेश्वर बस्ने ४७ वर्षका दानबहादुर जिसी रहेका छन् ।

गुरुङको कोठा खानतलासी गर्दा बिक्री वितरण गर्ने उद्देश्यले लुकाइछिपाइ राखेको अवस्थामा यार्सागुम्बा फेला परेको थियो । पक्राउ परेका चारै जनालाई आवश्यक कारवाहीका लागि शुक्रबार डिभिजन वन कार्यालय काठमाडौंमा बुझाइएको महाशाखाले एक सूचना जारी गरी जनाएको छ । उनीहरुको साथबाट एक किलो ८५० ग्राम यार्सागुम्बा समेत बरामद गरिएको छ ।


## अधिकतम खुद्रा बिक्री मुल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले चीनको HANGZHOU HORECA TECHNOLOGY CO. LTD बाट पैठारी गरेको देहायको मालको अधिकतम खुद्रा बिक्री मुल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि. नं. | माल वस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मूलुक/राष्ट्र | इकाई | अधिकतम खुद्रा इकाई मुल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scooter with 2000W, 20AH | Multipurpose Vehicle | Amoto | EH01 | 1 Seater | China | 1 | Rs. 20,900/- | |

अधिकृत बिक्रेताः Harley Fat Tyre    एक्जीम कोड नं.: 6130137160105NP
ठेगानाः लाजिम्पाट, काठमाडौं    फोन नं.: 9828583838



## साउदीमा रोजगार | कम्पनी : WIJDAN ODEH AL BALAWIS FURNITURE UPHOLSTERY WORKSHOP
शहर: Saudi

पुर्व स्वीकृत मितिः २०७८/०५/१७    चलानी नं.: ६०१६२३३२    LT. No.: 244821

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 1 | 0 | स. काममा दक्ष | 1400 | ४३,५२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ भदौ २६ गते (11 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. २६७/०५८/०५९
**अरनिको ओभरसिज प्रा. लि.**
पो.ब.नं. ८९७५, इपिसिः २५१६, कुपण्डोल, ललितपुर, नेपाल, फोनः ५५५५३६५, ५०१०६५७, ५०१०६५८
फ्याक्सः ५५५५३६६, Email: aranikooverseas@gmail.com, Website: www.aranikooverseas.com



## Qatar मा रोजगार Integrated Garden

पुनः बिज्ञापन । पूर्व स्वीकृती मितिः २०७८/०१/२४    चलानी नं.: ६०१५८३८३    LT# 240296

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | FARMER | 06 | साधारण | 1000 | ३२,००९।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु १०,०००।- कामदार आफैले |

अन्तरवार्ता २०७८ भदौ २६ गते (Sept. 11, 2021) यस प्रा. लि. को कार्यलय बसुन्धारा, काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिका रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**एसिया प्यासिफिक रिक्रुटमेण्ट सर्भिस प्रा. लि.** श्रम ई.नं.: ५१२/०६१/०६२
बसुन्धारा, काठमाण्डौ, फोन : ४३६०५९८, ९८५१०६७६६३, Email : uddabg2@gmail.com



## साउदी र कतारमा रोजगार | १. कम्पनी : ARAB HOME GROUP COMPANY LTD
शहर: JEDDAH

पूर्व स्वीकृत मितिः २०७८/०५/१८    चलानी नं.: ६०१६२४०५    LT. No.: 244789

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 30 | 0 | स. काममा दक्ष | 1000 | ३१,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : ALKATEAM RESTAURANT AND KITCHENS    शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०५/१८    चलानी नं.: ६०१६२३५०    LT. No.: 244466

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cooker | 2 | 0 | स. काममा दक्ष | 1500 | ४७,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २६ गते (11 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**एशोसिएट्स वेलकम इन्टरनेशनल प्रा. लि.**
सामाखुसी, प्रगतिनगर, काठमाडौं, फोनः ४३६३३१८, ४३५१८७८, ९८०१०९२१७४
E-mail : hrwelcomeintl@gmail.com, infosys2@gmail.com
श्रम इजाजत पत्र नं.: १०२२/०६८/०६९



## साउदीमा रोजगार | कम्पनीः NAJWA FAHAD MOHAMMED AL- OTAIBI CAFE EST.
शहर: Saudi

पूर्व स्वीकृत मितिः २०७८/०५/१७    चलानी नं.: ६०१६२३५४    L.T. No.: 244607

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 3 | 0 | स. काममा दक्ष | 1200 | ३७,३०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २६ गते (11 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

DHR Gov. lic. No. 789/065/66
**Destiny Human Resource Nepal Pvt. Ltd.**
G.P.O. Box: 8975 EPC 5444, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634, Fax : 4111890



## Qatar मा रोजगार Snow Fogengineering &Contracting Wll

पुर्व स्वीकृती मितिः २०७८/०५/१७    चलानी नं. ६०१६२३२२    LT No.: 244943

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Electric/Electric Tech | 06 | काममा दक्ष | 1100 | ३५,२१०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निः शुल्क |

अन्तरवार्ता २०७८ भदौ २६ गते (Sept.11, 2021) यस प्रा. लि. को कार्यलय बसुन्धारा काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**AAROHI H.R. SOLUTIONS PVT. LTD.** Govt. Lic. No. 1244/074/075
Tokha-5, Basundhara, Kathmandu, Tel : 4961807, 4962925



## साउदीमा रोजगार | कम्पनीः MOHAMMED IBRAHIM AL-ONAIBI GENERAL CONTRACTING EST
शहर: RIYADH

पुर्व स्वीकृत मितिः २०७८/०५/१३    चलानी नं.: ६०१६२३५२    L.T. No.: 244658

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 6 | 0 | स. काममा दक्ष | 1000 | ३१,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २६ गते (11 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ७०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**AL NASEER OVERSEAS PVT. LTD.** Gov. Lic No. 141/055/056
Pingalastha-9 Gaushala, Kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 4489867, 4466772, 4466771, Fax: 4466771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com



## कतार र रोमानीयामा रोजगारको अवसर | १. कम्पनीः AL WASIT CABINS
शहर: Doha

पूर्व स्वीकृत मितिः २०७८/०५/१८    चलानी नं.: ६०१६२३७०    LT. No.: 244509

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,९३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | tile maker | 10 | 0 | | 1200 | ३७,९३२ | | | | | | | |
| 3. | PLUMBER | 5 | 0 | | 1200 | ३७,९३२ | | | | | | | |

२. कम्पनीः CADIMA YOU SEE SRL    शहर: Romania
पूर्व स्वीकृत मितिः २०७८/०५/१८    चलानी नं.: ६०१६२३९४    LT. No.: 244323

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 120 | 0 | स. काममा दक्ष | 550 | ६४,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २६ गते (11 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कतारको नि:शुल्क रोमानीयाको रु.७०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Alliance Human Resources Pvt. Ltd.** Govt. Licence: 690/063/064
P.O.Box : 13612, Gaushala-9, Kathmandu, Nepal | Tel: 01-4478850, 4491791 | Fax: 01-4462344
Email:- info@alliancenepal.com, cv@alliancenepal.com | www.alliancenepal.com
Contact no:9801086092,9801086091,9801086823



## कतार र युएईमा वैदेशिक रोजगारको अवसर

१. कम्पनीः AL WASEEF ASSET MANAGEMENT CO (WASEEF)    शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७७/१०/२७    चलानी नं.: ६०१५४४५२    LT. No.: 235978    पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor | 3 | 0 | सम्बन्धित काममा दक्ष | 3000 | ९४,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Technician | 41 | 0 | | 1100 | ३४,७७१ | | | | | | | |
| 3. | Labourer | 11 | 0 | | 1000 | ३१,६१० | | | | | | | |
| 4. | Technician Gen | 30 | 0 | | 1100 | ३४,७७१ | | | | | | | |

२. कम्पनीः EJADAH ASSET MANAGEMENT GROUP,    शहर:UAE
पूर्व स्वीकृत मितिः २०७७/१०/२५    चलानी नं.: ६०१५४४२९    LT. No.: 236010    पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 290 | 185 | स. काममा दक्ष | 800 | २५,३९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनीः BLUE DIAMOND GENERAL MAINTENANCE LLC    शहर:UAE
पूर्व स्वीकृत मितिः २०७६/१२/०४    चलानी नं.: ६०१५३५६९    LT. No.: 234954    पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 100 | 50 | स. काममा दक्ष | 900 | २८,५६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २६ गते (11 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**अञ्जली ओभरसिज सर्भिस प्रा. लि.** श्रम इजाजत नं. ६३९/०६३/०६४
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटोहुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 01- 4987207, 01- 4982553, E-mail : pro@anjalioverseas.com.np



## साउदीमा रोजगार | कम्पनीः COMMERCIAL SPOOL CORPORATION ESTABLISHMENT
शहर: DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०५/१८    चलानी नं.: ६०१६२३८१    L.T. No.: 244831

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २६ गते (11 SEPT. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**कसमस नेपाल ह्यूम्यान रिसोर्स प्रा. लि.** श्रम ईजाजत न.: ७३३/०६४/०६५
महाराजगञ्ज, चक्रपथ, काठमाडौं, फोनः ०१-४७२०६०७, ४७२०६०९

# बहुराष्ट्रिय कम्पनी युनिलिभरमा छापा




**बागमती/मस**-हेटौंडास्थित बहुर्राष्ट्रिय कम्पनी युनिलिभरको चिया प्रशोधन केन्द्रमा स्थानीय प्रशासनले सिल गरि आजबाट थप कारबाही प्रक्रिया सुरु गरेको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुर, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, हेटौंडा तथा विभिन्न उपभोक्तावादी संघसंस्थाको संयुक्त अनुगमन टोलीले बिहीबार गरेको अनुगमनका क्रममा उक्त कम्पनीमा म्याद गुज्रिएको चिया फेला पारेपछि स्थानीय प्रशासनले युनिलिभरको चिया प्लान्ट सिल गरेको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाका प्रमुख सोमकान्त रिजालले बताए ।

उनले भने, 'विशेष सूचनाका आधारमा भएको अनुगमनमा विवरण स्पष्ट नभएका तथा म्याद गुज्रिएका चियापत्ती फेला पारेर हामीले नमूना संकलन गरेका छौं र कम्पनीको चिया प्रशोधन केन्द्रमा सिलबन्दी गरेका छौं ।' उनका अनुसार उक्त कम्पनीमा म्याद गुज्रेका तथा विवरण स्पष्ट नभएका करिब ३० किलोग्रामका ९२० बोरा चिया फेला परेको थियो । फेला परेको चियाको नमूना संकलन गरी परीक्षणका लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा पठाइएको उनले बताए । उक्त चियालाई पुनः म्याद थपेर नयाँ प्याकेट बनाउने प्रयोजनका लागि राखिएको विशेष सूचना पछि अनुगमन गरिएको उनको भनाइ छ । भारतबाट आयात गरिएको म्याद गुज्रिएको चियापत्ती 'रेड लेबल' नामक चियाको ब्राण्डमा बिक्रीका लागि बजार पठाउने गरेको फेला पारिएसँगै अनुगमन भएको हो ।

प्राप्त विशेष सूचनाको आधारमा स्थानीय प्रशासन, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, उपभोक्तावादी संघ संस्थासहितको संयुक्त अनुगमन टोलीले उद्योग परिसरमा रहेको चियापत्ती प्लाण्टमा अनुगमन गरेको बताइएको छ । यसअघि सो टोलीले भारतीय ब्राण्डको नाममा गैरकानुनीरुपमा अगरबत्ती उत्पादन गर्ने एक व्यवसायीलाई पनि कारबाही गरेको थियो ।

# लुम्बिनी प्रदेशमा मन्त्रिपरिषद् हेरफेर र कार्यविभाजन




**काठमाडौं/मस**-लुम्बिनी प्रदेश सरकारले मन्त्रीहरूको जिम्मेवारी हेरफेर गरिको छ । मुख्यमन्त्री कुलप्रसाद केसीको सिफारिसमा मन्त्रिपरिषद्ले कार्य विभाजन हेरफेर भएको हो ।

यसअघि बिना विभागीय मन्त्री बनेका अजयबहादुर शाहीलाई उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीको जिम्मेवारी दिइएको छ । सरकार प्रवक्ता समेत रहेका आर्थिक मामिला मन्त्री कृष्णध्वज खड्कालाई सहकारी मन्त्रालयको समेत थप जिम्मेवारी दिइएको छ ।

यस्तै शहरी विकास मन्त्री डिल्लीबहादुर चौधरीलाई पर्यटन, ग्रामीण मन्त्रालयको जिम्मेवारी समेत थपिएको छ । प्रदेश मन्त्रिपरिषद्ले मन्त्रिपरिषद् कार्यविभाजन नियमावली संसोधन गरेपछि नयाँ कार्यविभाजन अनुसार मन्त्रीहरूलाई जिम्मेवारी दिइएको हो । यसअघि बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले मौजुदा मन्त्रालयहरूको कार्यविभाजन हेरफेर गर्नुका साथै मन्त्रालयको संख्या समेत ११ बाट बढाएर १३ पुऱ्याउने निर्णय गरेको थियो ।

# सुनसहित दुई जना पक्राउ



**काठमाडौं/मस**-त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट करिब ७७० ग्राम सुनसहित दुईजना पक्राउ परेका छन् । प्रहरीका अनुसार डोल्पाको ठूलो भेरी नगरपालिका-७ का ३३ वर्षीय बिष्णुबहादुर शाही र स्याङ्जाको पुतली बजारका ३८ वर्षीय भूपेन्द्र पौडेललाई बिहीबार साँझ प्रहरीले पक्राउ गरेको हो ।

फ्लाई दुबाईको विमानबाट आएका शाहीलाई विमानस्थल भन्सार कार्यालयको एक्सरेमा प्रहरीले जाँच गर्ने क्रममा लगेजभित्र ईमरजेन्सी लाइटमा लुकाई ल्याएको सुनसहित पक्राउ गरेको हो । साथै, पौडैललाई सुन लिन पुगेका बेला पक्राउ गरिएको प्रहरीले बताएको छ । यस सम्बन्धमा अनुसन्धान गरिरहेको बताइएको छ ।


## UAE मा रोजगारी
कम्पनीः-Shinbo Co.Ltd., Fujairah Branch
शहरः FUJAIRAH

पूर्व स्वीकृति मिति :-२०७८।०५।१८ | च. नं.:- ६०१६२४०१ | Lt No. 244726

| सि.नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलव AED | ने.रु | ओभर टाईम सुविधा | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Welder | 30 | सम्बन्धित काममा दक्ष | 1500 | ४७,६१०।- | कं. नि. अनुसार | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 50 | | 1200 | ३८,०८०।- | | | | | | | |
| 3 | Electrician | 68 | | 1500 | ४७,६१०।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | विमा हुने/प्रिमियम रोजगारदाता तिर्ने | रोजगारदाताले व्यहोर्ने | कामदार आफै | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | निःशुल्क |

अन्तर्वार्ता मिति २०७८ भाद्र २७ गते ( 12 September, 2021) मा हुनेछ ।

वैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :-१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

RHEE
ईजाजत नं. ६२९/०६३/६४
**Rhee Human Resources Pvt.Ltd.**
Durga Bhawan B/D,Naxal, Nagpokhari, kathmandu.
Nepal,Tel No. 01- 4415356, 4413898,


कर्णाली प्रदेश सरकार
भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय

## पूर्वाधार विकास कार्यालय

खलंगा, जाजरकोट, नेपाल

### आर्थिक प्रस्ताव खोलिने बारेको सूचना

प्रकाशित मिति २०७८/०५/१९

